# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३०५ | काठमाडौं | बिहीबार, २१ फागुन २०८२ | Prabhab National Daily | Thursday, 05 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


लोकतन्त्रको कुम्भमेला

# आज प्रतिनिधिसभा निर्वाचन, चुनिँदै २७५ सांसद

**बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदान** | **मतदान सुरु भएको २४ घण्टाभित्र परिणाम दिने तयारी**

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधिसभा सदस्य निर्वाचन आज देशभर हुँदै छ । गत भदौ २३ र २४ गतेको जेन-जी विद्रोहपछि परिवर्तित राजनीतिक परिस्थितिमा निर्वाचन हुन लागेको हो ।

मतदाताहरूले प्रत्यक्ष मत दिएर १६५ र समानुपातिक प्रणालीबाट ११० गरी २७५ जना सांसद छान्ने छन् । प्रत्यक्ष प्रणालीबाट प्रतिनिधिसभामा पुग्न दल र स्वतन्त्र गरी तीन हजार ४०५ उम्मेदवार प्रतिस्पर्धामा छन् । निर्वाचन आयोगका अनुसार पुरुष उम्मेदवार तीन हजार १६ जना, महिला ३८८ जना र अन्य एक जना छन् ।


उमेरका आधारमा ८५ वर्षमाथिका दुई जना, ७४ देखि ८४ वर्षसम्मका १६ जना, ६५-७४ वर्षसम्मका २०८ जना, ५०-६४ वर्षसम्मका ६०५ जना, ४५ देखि ५४ वर्षसम्मका ९०६ जना छन् । यसैगरी ३५ देखि ४४ वर्षसम्मका ८४२ जना र २५ देखि ३४ वर्षसम्मका ४३७ जना उम्मेदवार छन् ।

आजको निर्वाचनमा मतदान गर्न योग्य कूल मतदाता एक करोड ८९ लाख तीन हजार ६८९ जना रहेका छन् । जसमा पुरुष मतदाता ९६ लाख ६३ हजार ३५८, महिला ९२ लाख ४० हजार १३१ र अन्य मतदाता मतदाता २०० जना रहेका छन् । अस्थायी मतदाता एक लाख ८६ हजार १४२ जना रहेको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका अनुसार देशभर कूल १० हजार ९६७ वटा मतदानस्थलमा २३ हजार १२२ वटा मतदान केन्द्र तय गरिएका छन् । अस्थायी मतदान केन्द्र १४३ वटा तोकिएको छ, जहाँ कर्मचारी र सुरक्षाकर्मीहरूले मतदान गर्ने निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचनमा एक लाख ८६ हजार कर्मचारी र सुरक्षाकर्मी परिचालन गरिएको छ । निर्वाचनको अन्तिम परिणाम २४ घण्टाभित्रै सार्वजनिक गर्ने निर्वाचन आयोगले जनाएको छ । त्यसका लागि प्रत्यक्ष र समानुपातिकतर्फको मतपत्रको गणना सँगसँगै गर्ने भएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए ।

क्रमशः पृष्ठ २ मा




## मतदान गर्न जाँदा चाहिने परिचयपत्र

निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार मतदाता परिचयपत्रको सक्कलप्रति नभएमा नेपाली नागरिकता, सवारी चालक अनुमतिपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र वा जग्गाधनी प्रमाण पुर्जाको सक्कलप्रतिमध्ये कुनै एक भए मतदान गर्न पाउने छ ।

## आज कतै पनि वर्षा नहुने

जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले आज निर्वाचनका दिन मौसम सफा रहने जनाएको छ । बुधबार विभागले विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै आज (बिहीबार) मुलुकभर वर्षा नहुने जानकारी दिएको हो ।

क्रमशः पृष्ठ २ मा

कावा प्रमुख निर्वाचन आयुक्तको आग्रह

## निर्वाचनमा उत्साहपूर्वक सहभागी होऔं



निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा उत्साहपूर्वक र सक्रियरूपमा सहभागी हुन आममतदातालाई आग्रह गरेका छन् । निर्वाचनको पूर्वसन्ध्यामा बुधबार आयोगमा आयोजित पत्रकार सम्मेलनमा उनले निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाउँदै सक्रियरूपमा सहभागी हुन आममतदातालाई आग्रह गरे ।

'निर्वाचन केवल आफ्ना प्रतिनिधि छान्ने वा सरकार गठन गर्ने प्रक्रियामात्र होइन लोकतन्त्रको वैधता नवीकरण गर्ने संवैधानिक अभ्याससमेत हो । लोकतन्त्रको सुदृढीकरणका लागि हुने मतदान नागरिकको अधिकार र दायित्व दुवै हो,' कावा प्रमुख आयुक्त भण्डारीले भने, 'आफ्नो मताधिकार प्रयोग गर्नु संवैधानिक र कानुनी अधिकारमात्र होइन, लोकतान्त्रिक नागरिकको जिम्मेवारी हो ।'

## निर्धक्कसाथ मतदान गरौंः गृहमन्त्री

गृहमन्त्री ओमप्रकाश अर्यालले आज हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरि मतदान सुरक्षा पूर्णरूपमा सुनिश्चित गरिएको जानकारी दिएका छन् । समग्र शान्ति सुरक्षा र निर्वाचन तयारीबारे बुधबार गृह मन्त्रालयमा सञ्चारकर्मीसँगको अन्तर्क्रियाका क्रममा नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री अर्यालले यसपटकको निर्वाचन पहिलेभन्दा बढी सुदृढ, स्वच्छ र भयरहित हुने विश्वास व्यक्त गरेका हुन् ।

क्रमशः पृष्ठ २ मा

## विशिष्ट पदाधिकारी र शीर्ष नेता को कहाँबाट मतदान गर्दै ?

प्रधानमन्त्री सुशीला कार्कीले काठमाडौं टोखाको धापासीस्थित मतदान केन्द्रबाट मतदान गर्ने भएकी छन् । राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले चितवनको भरतपुर महानगरपालिका-१४ स्थित नेपाल प्रहरी स्कुल शान्तिपुरबाट मतदान गर्ने छन् ।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले काठमाडौंको मैतीदेवीस्थित मयुरकुण्ड मतदान केन्द्रमा मतदान गर्ने छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भक्तपुरको सूर्यविनायक-२ बालकोटस्थित महेन्द्र शान्ति माविबाट,

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# मतदान गर्ने प्रवासी नेपालीको चाहना अधुरै

- देशका लागि सही नेतृत्व चुन्ने अवसरबाट वञ्चित हुनुपरेको गुनासो
- प्रवासमा रहेका नेपालीको प्रश्न- रेमिट्यान्स चल्ने, भोटचाहिँ किन नचल्ने ?
- मध्यपूर्वमा रहेकालाई सुरक्षाको चिन्ता

■ **ममता थापा**




जेमिनाईको सहयोगमा तयार पारिएको प्रतीकात्मक तस्बिर

**काठमाडौं–** आज प्रतिनिधिसभा सदस्य निर्वाचन । देशभर मतदान हुँदै गर्दा वैदेशिक रोजगारीमा रहेका लाखौं नेपालीहरू फेरि पनि छुटेका छन् । राजनीतिक दलहरूले विदेशमा रहेका नेपालीहरूलाई पनि मताधिकार दिने एजेण्डा उठाउने गरे पनि व्यवहारमा कार्यान्वयन गर्न सकेनन् । सरकारमा पुगेपछि प्रवासमा रहेकालाई मताधिकारको व्यवस्था गर्न आवश्यक काम नगरेका कारण यसपटक पनि उनीहरू मतदानबाट वञ्चित भएका हुन् । यही भएर लाखौं संख्यामा विदेशमा कार्यरत नेपाली श्रमिकहरू प्रश्न गरिरहेका छन्- रेमिटचान्स चल्ने, भोटचाहिँ किन नचल्ने ?

उनीहरूको यो प्रश्नमा दम छ । किनभने, वैदेशिक रोजगारीमा गएकाहरूले पठाउने रेमिटचान्स नै मुलुकको अर्थतन्त्रको प्रमुख स्रोत बनेको यथार्थ छ । अर्थतन्त्रको करिब ३० प्रतिशत हिस्सा रेमिटचान्सले ओगटेको सरकारकै तथ्यांकमा देखिन्छ । यही सन्दर्भमा प्रभावले विभिन्न मुलुकमा कार्यरत नेपालीहरूसँग कुरा गर्दा उनीहरूले मतदानमा सहभागी हुन नपाएकोमा दुःखी देखिन्छन् ।

सल्यानका तोपेन्द्र ओली भने मलेसियामा छन् । सुरक्षा गार्डका रूपमा कार्यरत ओलीलाई जेन-जी आन्दोलनपछि भएको निर्वाचनले कस्तो परिणाम ल्याउला भन्ने चासो छ । परिस्थितिवस मुलुक फर्किन नपाए पनि आफूहरूको चहनालाई समेत मध्यनजर गर्दै उम्मेदवार छनोट गर्न उनको आग्रह छ ।

'देशले परिवर्तन खोजिरहेको छ, त्यसका लागि सही समय यही हो । सुशासन, पारदर्शिता र भ्रष्टाचार मुक्त नेपाल हाम्रै जिम्मेवारी हो,' प्रभावसँगको 'भर्चुअल' कुराकानीमा उनले भने, 'हामी विदेशमा भएकालाई मत हाल्ने व्यवस्था नगरिए पनि त्यहाँ के भइरहेको छ भन्नेमात्र ध्यान छ यतिबेला । अब हाम्रो चाहनालाई पनि सम्झेर मतदान गरिदिनुहोला ।'

डडेलधुराका सिद्धार्थ खड्का संयुक्त अरब इमिरेट्स (युएई)मा छन् । सुपरभाइजरका रूपमा कार्यरत उनले दुई वर्षअघि मुलुक छोडे । यद्यपि, उनको ध्यान पनि चुनावबाट अन्त गएको छैन । आफू मतदान गर्न आउन नपाए पनि घरपरिवारलाई कुनै प्रलोभनमा नपरी मतदान गर्न दिनहुँजसो सम्झाइरहेको उनले बताए ।

'पुरानाले मुलुकमै बस्ने अवसर सिर्जना गर्न नसक्दा हामी यहाँ खाडीमा काम गर्न बाध्य भएको हो ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## आज प्रतिनिधिसभा...

### तीन लाख ३५ हजारभन्दा बढी सुरक्षाकर्मी तैनाथ

प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न गराउन ७९ हजार ७२७ जना नेपाली सेना, ७० हजार नेपाल प्रहरी र ३४ हजार ५७६ जना सशस्त्र प्रहरी खटिएका छन्। राष्ट्रिय अनुसन्धान विभागबाट एक हजार ९२१ जना र निर्वाचन प्रहरी एक लाख ४९ हजार ९० जना खटिएका छन् । सादा पोसाकका टोली पनि चरिचालन गरिएको छ। उनीहरूले सम्भावित जोखिमको सूचना संकलन गर्ने काम गर्छन् । सुरक्षा दृष्टिले अति संवेदनशील मानिने झापा, सर्लाही, दोलखा, बाजुरा, रौतहट, महोत्तरीलगायत जिल्लामा सुरक्षाकर्मीको संख्या अधिक छ। नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेका अनुसार झापा र सर्लाहीमा विशेष सुरक्षा रणनीति अपनाइएको छ।

नेपाली सेनाले २१ माघदेखि नै गस्ती गर्दै आएको छ। नेपाल प्रहरीका सात जना अतिरिक्त महानिरीक्षकहरू प्रदेशको सुरक्षा समन्वय गर्नेगरी सबै प्रदेशमा खटाइएका छन् । उनीहरूले नायव महानिरीक्षक (डिआइजी) प्रमुख रहने कार्यालयहरूसँग आवश्यक सुरक्षा समन्वय गरिरहेका छन् । प्रधानसेनापति अशोकराज सिग्देलले आठवटै पृतनाको निरीक्षण गर्दै शान्तिपूर्ण निर्वाचन सम्पन्न गराउन निर्देशन दिइसकेका छन्। यस्तै, एकीकृत निर्वाचन सुरक्षा रणनीनिअनुसार पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेना रहने छन्।

शंकास्पद वस्तु राखेर मतदातालाई आतंकित पार्न खोजेमा त्यस्ता वस्तुहरू बेलैमा डिस्पोज गर्न नेपाली सेनाको बम डिस्पोजलको टिम पनि तैनाथ राखिएको छ। सेनाका २७५ बम डिस्पोजल टोली तैनाथ राखिएको जनाएको छ। निर्वाचन बिथोल्न खोज्ने व्यक्ति, समूह र दलका नेता कार्यकर्ताहरूलाई पक्राउ गरिँदै छ।

### राष्ट्रपतिलाई प्रधानमन्त्रीको चुनावी ब्रिफिङ

राष्ट्रपति रामचन्द्र पौडेलसँग प्रधानमन्त्री सुशीला कार्कीको निर्वाचनको पूर्वसन्ध्यामा भेटवार्ता भएको छ। शीतलनिवासमा बुधबार भएको भेटवार्ताको क्रममा प्रधानमन्त्री कार्कीले आज हुने प्रतिनिधिसभा निर्वाचनबारे जानकारी गराएकी छन् । राष्ट्रपतिको सचिवालयका अनुसार प्रधानमन्त्री कार्कीले निर्वाचनको तयारी पूरा भएको भन्दै जानकारी गराएपछि राष्ट्रपति पौडेलले धन्यवाद ज्ञापन गरेका थिए।

### मतपेटिका ढुवानी हेलिकप्टरमा

निर्वाचन आयोगले मतदान सम्पन्न भइसकेपछि देशको विभिन्न १५ जिल्लाका ६१ वटा दुर्गम स्थानबाट हेलिकप्टरमा मतपेटिका संकलन गर्ने भएको छ । आयोगका सचिव कृष्णबहादुर राउतका अनुसार डोल्पा, हुम्ला, दार्चुलादेखि ताप्लेजुङसम्मका हिमाली तथा उच्च पहाडी क्षेत्रको दुर्गम भेगमा रहेको मतदानस्थलबाट मतपेटिका हेलिकप्टरबाट संकलन गर्ने भएको हो। सुगम र सडक सञ्जाल जोडिएका स्थानहरूमा भने सवारी साधनमार्फत नै मतपेटिका संकलन गरिनेछ। मतपेटिका ढुवानीलाई व्यवस्थित र सुरक्षित बनाउन आयोगले देशका ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूलाई ढुवानीका लागि आवश्यक पर्ने बजेट पठाइसकेको छ।

### निर्वाचनमा हवाई गस्ती

निर्वाचन सुरक्षा कार्यक्रमअन्तर्गत आज हवाई गस्ती गरिने भएको छ। गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बुधबार बसेको केन्द्रीय सुरक्षा समिति बैठकले यस्तो निर्णय गरेको हो। गृह मन्त्रालयकी सहप्रवक्ता रमा आचार्यका अनुसार हवाई गस्ती, हेलिकप्टर स्टचाण्डबाई राख्ने र सुरक्षामा कुनै कसर बाँकी नराख्ने गरी काम गर्ने निर्णय बैठकले गरेको छ। डोल्पामा नेपाली सेनाले बुधबारदेखि नै हवाई गस्ती थालेको जानकारी दिइयो।

### सेना परिचालन

नेपाली सेना एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार परिचालित छ। बुधबार एक विज्ञप्ति जारी गर्दै सेनाले निर्वाचनलाई निष्पक्ष र भयरहित तवरले सम्पन्न गराउन सबै सुरक्षा अङ्ग एवं सरोकारवाला निकाय एकीकृत र समन्वयात्मक ढङ्गले कार्य गरिरहेको जानकारी दिएको छ। तर, सेनाप्रति भ्रामक सूचना सम्प्रेषण भइरहेको भन्दै सेनाले असन्तुष्टि जनाएको छ।

### निर्वाचन गराउने सबै महिला

भक्तपुरको मध्यपुर थिमी नगरपालिका-९ को कृषि विकास बैंकको तालिम केन्द्रमा रहेको मतदानस्थलमा चारवटा मतदान केन्द्र छन्। यी चारवटै मतदान केन्द्रमा मतदान अधिकृतदेखि कार्यालय सहयोगी र स्वयंसेवकसमेत सबै महिला छन्। जनपथ प्रहरीबाट २६ जनाको महिला टोली निर्वाचन सुरक्षामा खटिएको छ।

यो भक्तपुर-२ मा पर्छ । दोलखाकी जिल्ला न्यायाधिवक्ता राधिका सुवालले निर्वाचन अधिकृत छिन्। उनका अनुसार मतदान केन्द्र 'क'को मतदान अधिकृत शिक्षक सेवा आयोगकी उपसचिव तारा पाण्डे तिवारी, 'ख' केन्द्रमा भक्तपुर जिल्ला अदालतकी शाखा अधिकृत संगीता शेर्पा, 'ग' केन्द्रमा शैक्षिक गुणस्तर प्रशिक्षण केन्द्रकी शाखा अधिकृत निशा वली र 'घ' केन्द्रमा राष्ट्रिय कला संग्रहालयकी शाखा अधिकृत यमुना महर्जन छन्।

यस्तै, चितवनको भरतपुर महानगरपालिका-१० को भरतपुर मावि मतदानस्थलमा खटिएका सबै कर्मचारी र सुरक्षाकर्मी महिला छन् । त्यहाँ चारवटा मतदान केन्द्र छन् । प्रत्येक केन्द्रमा छ जना कर्मचारी र तीन जना स्वयंसेवक रहने छन्। सुरक्षाका लागि खटाइएका जनपद प्रहरीका नौ र निर्वाचन प्रहरीका १६ जना पनि सबै महिलाहरू नै छन्। भरतपुर माविका चारवटा मतदान केन्द्रमा कुल तीन हजार ७२७ मतदाता छन्।

### मतदाता चार, मतदान कर्मचारी २०

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको साङ्ता गाउँमा ३९ जना मतदाता छन्। यत्ति सङ्ख्याका मतदातामध्ये गाउँमा भने चार जनामात्रै भेटिएको छ। बाँकी ३५ जना पोखरा, काठमाडौं र जोमसोममा बस्ने गरेको पाइएको मुस्ताङका निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवाली बताउँछन्। उनका अनुसार गाउँमा रहेका चार जनालाई मतदान प्रक्रियामा सहभागी गराउन निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत र सुरक्षाकर्मी गरेर २० जना गाउँकै हिमाली आधारभूत विद्यालय मतदान केन्द्र पुगिसकेका छन्।

### निर्वाचनमा चार दर्जन सागमग्री प्रयोग

निर्वाचन आयोगले निर्वाचन अधिकृतको कार्यालयहरूमा १४ वटा निर्वाचन सामग्री पठाएको छ । मतदाता नामावली, मतपत्र, मतपेटिका, मतपेटिका सुरक्षण सिल, नउड्ने मसीको मार्कर, स्वस्तिक छाप, मतपेटिका स्टिकर, स्वस्तिक छाप (पित्तल), स्टाम्प प्याड मसी, छेकबार, रबर म्याट, स्टाम्प प्याड छन्।

निर्वाचन आयोगकी सहायक प्रवक्ता सीता पुनका अनुसार निर्वाचनमा प्रयोग हुने बाँकी ३७ खालका सागमग्रीको व्यवस्थापन गर्न भने जिल्लास्थित निर्वाचन कार्यालयलाई निर्देशन दिइएको छ।

### गणना सुरू भएको २४ घन्टाभित्र परिणाम दिइने

निर्वाचन आयोगले मतगणना सुरु भएको २४ घन्टाभित्र प्रत्यक्षतर्फको मत परिणाम सार्वजनिक गर्ने गरी गणना गराउन प्रबन्ध गरेको जनाएको छ । त्यसलगत्तै समानुपातिकतर्फको मतगणना हुने जनाइएको छ । दुर्गम पहाडी जिल्लाका ६१ स्थानबाट नेपाली सेनाको हेलिकोप्टरमार्फत मतपेटिका संकलन गरिने र अन्य स्थानको गाडीबाट संकलन गरिने आयोगका सचिव कृष्णबहादुर राउतले जानकारी दिए।

मतपत्र र मतपेटिकाको सुरक्षा र संकलन विगतमाझैँ एकीकृत सुरक्षा योजनाबमोजिम हुने भएकाले मतपेटिका सुरक्षित हुने आयोगको भनाइ छ । कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले भने, 'मतपेटिका संकलन पहिलेदेखिकै व्यवस्थाअनुसार हुने हो। नेपाली सेनाले छुट्टै संकलन गर्ने होइन। मतपेटिका किञ्चित साटफेर हुँदैन। यसका शंका गरिरहनु पर्दैन।'

■■■

## आज कतै...

महाशाखाले बुधबारदेखि शुक्रबारसम्म देशभर उल्लेखनीय मौसम प्रणालीको प्रभाव नरहने जनाएको छ । मौसमविद् बरुण पौडेलले बुधबारसम्मको मौसमी प्रणालीको विश्लेषणका आधारमा अधिकांश स्थानमा मौसम सामान्यतया सफा रहने जानकारी दिए । 'निर्वाचनको दिन देशभर मौसम सफा रहने छ, हामीले निर्वाचन आयोगका प्रतिनिधिलाई पनि मौसमसम्बन्धी जानकारी दिँदै आइरहेका छौं,' उनले भने।

पौडेलका अनुसार शुक्रबार भने हिमाली तथा पहाडी क्षेत्रमा आंशिक बदलीसहित हल्का वर्षा तथा हिमपातको सम्भावना छ । 'बिहीबार देशका अधिकांश भू-भागमा आंशिक बदलीदेखि मुख्यतया सफा मौसम रहने छ । उल्लेखनीय वर्षा प्रणाली सक्रिय नदेखिएकाले भारी वर्षाको सम्भावना छैन,' महाचशाखाद्वारा जारी विशेष बुलेटिनमा उल्लेख छ । महाशाखाले निर्वाचन अवधिभर मौसमको निरन्तर अनुगमन तथा विश्लेषण गरिरहेको जनाएको छ।

■■■

## निर्धक्कसाथ ...

'सबै सुरक्षा संयन्त्रहरू मतदानस्थलसम्म परिचालित भइसकेका छन् । आवश्यक परेको खण्डमा सहज नियन्त्रणका लागि सबै तयारी छ,' गृहमन्त्री अर्यालले भने।

उनले निर्वाचनका क्रममा कुनै अवैध गतिविधि भए कानुनी कारबाही गर्ने र दोषीलाई अदालतमा पेस गरिने स्पष्ट गरे। यसका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र आवश्यक परेमा नेपाली सेनाले सुरक्षा सहायता प्रदान गर्ने योजनाबारे समेत जानकारी दिए।

गृहमन्त्री अर्यालले मतदातालाई सुझबुझका साथ मतदान गर्न आग्रह गर्दै भने, 'निर्वाचनले प्रतिनिधि छान्नेमात्र नभई राजनीतिक सुशासन कायम गर्न महत्त्वपूर्ण योगदान दिने छ। मतदाताले सुझबुझका साथ मतदान गर्नुहुने छ।'

■■■

## विशिष्ट...

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले भरतपुर-१४ शान्तिपुर केन्द्रबाट र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले काठमाडौंको चुच्चेपाटीस्थित उपत्यका खानेपानी लिमिटेड महाँकाल केन्द्रबाट मतदान गर्ने भएका छन्।

पूर्वराष्ट्रपति डा. रामवरण यादवले धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-४ सपहीस्थित बिपी कोइराला माविबाट र अर्का पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले बूढानीलकण्ठ नगरपालिका-२ भंगालमा रहेको मतदान केन्द्रमा मतदान गर्ने छन्। पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल रौतहटको रामजानकी कन्या आधारभूत विद्यालय केन्द्र, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले गोरखाको पालुङटार-खोप्लाङस्थित अन्नपूर्ण मावि र जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले विराटनगर-१४ स्थित स्नातकोत्तर क्याम्पस विज्ञान भवनबाट मतदान गर्ने छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले झापाको हल्दिबारी गाउँपालिका-१ वडा कार्यालय केन्द्रबाट, उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले काठमाडौं महानगरपालिका-६ महाँकालस्थित जनकल्याण मावि मतदान केन्द्रबाट र श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सुनसरीको धरान उपमहानगरपालिका-१८ बुद्धचोकस्थित कार्मेल विद्यालयस्थित मतदान केन्द्रबाट मतदान मतदान गर्ने छन्।

■■■

## मतदान गर्ने...

म त आउन पाएन तर घरमा सबैलाई कसैको प्रलोभनमा नपरी भोट हाल्न भनिरहेको छु,' उनी भन्छन्, 'यसपटक मत परिवर्तन भए ५० प्रतिशत भ्रष्टाचार अन्त्य हुन्छ । अहिले हामी कसरी सुरक्षित हुने र चुनावबाट कस्तो परिणाम आउला भन्नेमात्र ध्यान छ।'

यसैगरी, युएईमै रहेका प्युठानका महादेव जंग क्षेत्रीले भने आफ्नै खर्चमा नेपाल पुग्छु भन्दा पनि कम्पनीले छुट्टी नदिएको गुनासो गरे। इजरायल-इरान युद्धका कारण त्रासमा रहेका उनले आफ्नो कम्पनीका कारण झनै समस्यामा परेको बताए । 'चुनावमा भोट हाल्न जाम भनेको कम्पनीले उल्टै पैसा माग्छ। सप्लाई कम्पनीमा परिएछ, पासपोर्ट राखेको छ,' प्रभावसँग भर्चुअल माध्यमबाट जोडिएका क्षेत्रीले भने, 'पाँच हजार एडी दे, एक महिना काम गर त्यसपछि घर जा भन्छ। नराम्रोसँग फसियो । झन् मिसाइलको आवाज सुन्दा बेलाबेलामा मुटुले ठाउँ छोड्छ।'

साउदी अरबमा कार्यरत सिन्धुलीका लोकराज तामाङले भने आफूलाई चुनावबाट सही नेतृत्व छनोट हुनेमा विश्वास नरहेको बताए। सवारी चालकका रूपमा कार्यरत उनी आफूहरूलाई दलहरूले भोट बैंकका रूपमामात्र प्रयोग गरेको बताउँछन् । हालै चर्किएको द्वन्द्वका कारण आफूहरूको ज्यान जोखिममा पर्दा कुनै दलको ध्यान नगएको उनको गुनासो छ।

'हामी खाडीमा भएकाहरू विषम् परिस्थितिमा छौं । सरकारले एउटा फाराम भर्न दिएको छ, त्यसले के हुन्छ ? सबैजना चुनाव-चुनाव भनेर हिँडिरहेका छन्,' उनी प्रश्न गर्छन्, 'कुन पार्टीले हाम्रो बारेमा सोच्यो ? यहाँ मर्ने बाँच्ने ठेगान छैन । अब जिउँदो हुञ्जेल मुलुकमा रेमिटचान्स पठाइराखौंला।'

मध्यपूर्वमा विकसित परिस्थितिका कारण त्यहाँ कार्यरत श्रमिकहरूमा चुनावको चासोका साथै सुरक्षाको चिन्ता थपिएको छ। यस क्षेत्रमा १७ लाखभन्दा बढी नेपाली रहेको सरकारी तथ्यांक छ । भारतमा रहेका अधिकांश नेपाली श्रमिकले पनि मतदान गर्न घर जाँदा उल्टै खर्च हुने प्रतिक्रिया दिएको पाइएको छ । भारतीय सञ्चारमाध्यमहरूसँग आफूहरू मतदान गर्न आएको अवस्थामा तीनदेखि पाँच हजार खर्च हुने र केही दिन कामबाट बिदा लिनुपर्दा ज्याला गुमाइने बताएका छन्। हाल भारतमा १० लाखभन्दा बढी नेपालीहरू कार्यरत रहेको बताइन्छ । विशेषगरी खाडी मुलुकमा जान नसक्ने आर्थिक स्थिति कमजोर भएकाहरू भारतका विभिन्न स्थानमा दैनिक ज्याला मजदुरी गर्ने गरेका जानकारहरूले बताउने गरेका छन्।

# अस्पतालमा 'द्रुत प्रतिकार्य टोली' गठन

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यही फागुन २१ गते हुने निर्वाचनको लागि स्वास्थ्य सेवा समन्वय गर्नका लागि संघ र प्रदेशमा समन्वयकर्ता तोकेको छ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले निर्वाचनमा सम्भावित घटनाका लागि आवश्यक स्वास्थ्य सेवा समन्वय गर्नका संघका छ जना संघमा र सातवटै प्रदेशमा सात जना समन्वयकर्ता तोकिएको बताए । उनका अनुसार निर्वाचनमा सम्भावित घटनाका लागि आवश्यक स्वास्थ्य सेवा समन्वय गर्नका लागि स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका छ जना र प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका सात जना तोकिएको छ।

संघमा बन्दना भट्ट, डा. नवराज जोशी, नरमाया रिजाल, विमला महर्जन, गोपाल पाण्डे र श्रीया सुवेदी रहेका छन्। यस्तै कोशी प्रदेशमा डा. सभ्यता सुवेदी, मधेसमा फुलेन्द्र यादव, बागमतीमा दिनेश रूपाखेती, गण्डकीमा बुद्धिसागर अधिकारी, लुम्बिनीमा नोधनारायण चौधरी, कर्णालीमा श्यामलाल आचार्य र सुदूरपश्चिम प्रदेशमा हेमराज जोशी रहेका छन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हकदाबी सम्बन्धी ३० दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४।०२।०४ मा दर्ता भएको प्रा.लि.नं. १६८४७३।७३।७४ **पियरसन एडुकेशन नेटवर्क**का शेयर धनीहरूको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष खारेजिको व्यवस्था अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा खारेजिका लागि निवेदन पेश भैसकेको अवस्था रहेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३० दिनभित्रमा कम्पनी रजिष्ट्रार कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, २१ फागुन, २०८२**

| | |
|---|---|
| मेष | मनमा ग्लानी उत्पन्न हुन सक्छ। गलत सङ्गतबाट जोगिनु राम्रो हुन्छ। |
| वृष | बौद्धिकतामा वृद्धि भएर जानेछ। समाजमा सम्मान मिल्ने सम्भावना छ। |
| मिथुन | अनिर्णयको बन्धी हुन सकिन्छ। आफुभन्दा ठुलाको कुरा सुनेर कार्य गर्नुहोला। |
| कर्कट | अहंकार बढेर जान सक्छ। बोल्नु भन्दा सुन्नु राम्रो हुन्छ। |
| सिंह | दौडधुप बढ्नेछ। इष्टमित्रको साथ सहयोग प्राप्त हुनेछ। |
| कन्या | कडा परिश्रम गर्नुपर्नेछ। दिन सामन्य रहनेछ। |
| तुला | आडम्बरीपन बढेर जानेछ। शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ। |
| वृश्चिक | पुराना कुरा र पुराना सम्बन्धले मन व्यथित बन्नेछ। काममा मन जानेछैन। |
| धनु | मन उदास रहनेछ। विश्वासपात्रबाट धोका मिल्न सक्छ। |
| मकर | अनावश्यक चिन्ताले सताउनेछ। काममा ढिला सुस्ती हुनेछ। |
| कुम्भ | नयाँ नयाँ विचार आउनेछ। धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ। |
| मीन | आत्मविश्वासमा कमि आउन सक्छ। सोचेर अघि बढ्नु उचित हुन्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ फागुन, २०८२ (०५ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.२७ | १४५.८७ |
| युरो | १ को | १७१.६२ | १७२.३३ |
| पाउन्ड स्टिर्लङ | १ को | १९५.९० | १९६.७१ |
| स्विस फ्रैन्क | १ को | १८८.९४ | १८९.७२ |
| अस्ट्रेलियन डलर | १ को | १०३.३७ | १०३.८० |
| क्यानाडियन डलर | १ को | १०६.४७ | १०६.९१ |
| सिङगापुर डलर | १ को | ११४.८४ | ११५.३१ |
| जापानी येन | १० को | ९.३१ | ९.३५ |
| चिनियाँ युआन | १ को | २१.१८ | २१.२७ |
| साउदी अरब रियाल | १ को | ३८.७३ | ३८.८९ |
| कतारी रियाल | १ को | ३९.८५ | ४०.०२ |
| थाई भाट | ख १ को | ४.६८ | ४.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५५ | ३९.७१ |
| मलेसियन रिङेट | १ को | ३७.३३ | ३७.४९ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१३ |
| स्विडिस क्रोनर | १ को | १६.०९ | १६.१५ |
| डेनिस क्रोनर | १ को | २२.९७ | २३.०६ |
| हङकङ डलर | १ को | १८.५७ | १८.६५ |
| कुवेती दिनार | १ को | ४७५.५२ | ४७७.४८ |
| बहराइन दिनार | १ को | ३८५.२९ | ३८६.८८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

## मतदानका लागि तयार...















१) लमजुङको मध्यनेपाल नगरपालिका-६ स्थित भोर्लेटारको इशानेश्वर माध्यमिक विद्यालय मतदान केन्द्रमा आज हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तयार गरिएको मतदान बुथ ।
२ झापाको बिर्तामोड नगरपालिका मतदान केन्द्रमा निर्माण गरिएको मतदानस्थल ।
३) काठमाडौँको कागेश्वरी मनहरा-९, पेप्सिकोलास्थित गान्धी आदर्श माध्यमिक विद्यालयमा निर्वाचनका लागि मतदानस्थल तयार गर्दै प्रहरी तथा निर्वाचन कर्मचारी ।
४) बुधबार रूपन्देही क्षेत्र नं २ स्थित निर्वाचन अधिकृत कार्यालय छेउमा रहेको बुटवल-११ को वडा कार्यालय हलमा तारजाली र सिसिटिभीसहित निर्माण गरिएको मतगणना स्थल ।
५) तनहुँको व्यास नगरपालिका-२ दमौलीस्थित सत्यवती मावि मतदान केन्द्रमा बुधबार आवश्यक तयारी गर्दै कर्मचारी ।
६) निर्वाचनको सुरक्षाका लागि बुधबार दाङको सदरमुकाम घोराहीको बजार क्षेत्रमा गाडीबाट गस्तीमा निस्किएका नेपाली सेना ।

*तस्बिरहरू: रासस*

# निर्वाचन वातावरण शान्तिपूर्ण, मतदाता उत्साहित

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक)ले प्रतिनिधिसभा सदस्यको आज हुने निर्वाचनमा मतदानका लागि मतदाता उत्साहित रहेको प्रतिवेदन सार्वजनिक गरेको छ । उक्त संस्थाले निर्वाचनको पूर्वतयारी अवस्थाको स्थलगत अवलोकन र कल सेन्टरमा प्राप्त सूचनाका आधारमा समग्रमा निर्वाचनपूर्वको वातावरण शान्तिपूर्ण र व्यवस्थापकीय दृष्टिले व्यवस्थित रहेको निष्कर्ष सार्वजनिक गरेको छ।

जियोकले मतदान तयारी, राजनीतिक दलको सहभागिता, सहयोग, समन्वय, निर्वाचनका चुनौती, आयोगको तयारी र निर्वाचन सुरक्षाको अवस्थाबारे अध्ययन गरेको हो । राजनीतिक दल, मतदाता, उम्मेदवार, नागरिक समाज, प्रेस, प्रमुख जिल्ला अधिकारी र जिल्ला निर्वाचन अधिकारीसँगको भेटवार्ता र कुराकानीका आधारमा प्रतिवेदन तयार गरिएको जियोकका महासचिव कृष्णमान प्रधानले जानकारी दिए ।

प्रतिवेदनमा भनिएको छ, 'राष्ट्रिय पर्यवेक्षकको स्थलगत अवलोकन प्रतिवेदनमा समग्रमा निर्वाचन शान्तिपूर्ण, स्वच्छ, स्वतन्त्र र भयमुक्त वातावरणमा सम्पन्न हुने आधार तयार भएको छ ।'

जियोकबाट निर्वाचनको राष्ट्रिय पर्यवेक्षणका लागि खटिएका प्राध्यापक चिरञ्जीवी खनालले बुधबार निर्वाचनको तयारी रफ्तारमा अघि बढिरहेको, कर्मचारी मतदानस्थलमा पुगिसकेको, मतदान केन्द्र निर्माण भइरहेको तथा सुरक्षा निकाय पनि जिम्मेवारीपूर्वक संवेदनशीलताका साथ आफ्नो स्थानमा तैनाथ भएको पाइएको जानकारी दिए। उनले भने, 'विगतमा राजनीतिक दल र उम्मेदवारले ठूला आमसभा र जुलुसमार्फत मतदातालाई प्रभाव पार्ने गरेकामा यसपटक भने गाउँटोलमै पुगेर भेटघाट गरेको पाइयो, निर्वाचनप्रति राजनीतिक दल कटिबद्ध र मतदाता उत्साहित रहेको पाइएको छ ।'

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अभियन्ता एवं जियोकका राष्ट्रिय पर्यवेक्षक हरिविनोद अधिकारीले निर्वाचनको लागि शान्तिपूर्ण वातावरण रहेको तथा मतदान केन्द्रका लागि आवश्यक पर्ने सबै स्रोतसाधनसहित कर्मचारीसहितको टोली मतदानस्थल पुगिरहेको जानकारी दिए। उनले भने, 'मतदाता, उम्मेवार, राजनीतिक दलका प्रतिनिधिसहित प्रमुख जिल्ला अधिकारीसमेत सुरक्षा संयन्त्र निर्वाचन शान्तिपूर्ण हुनेमा ढुक्क हुनुहुन्छ । हालसम्मको अध्ययन र विश्लेषणले स्वच्छ, स्वतन्त्र र भयरहित निर्वाचनको वातावरण बनेको छ ।'

अर्का राष्ट्रिय पर्यवेक्षक गणेशमान प्रधान र डा. मिनेन श्रेष्ठले अधिकांश मतदान केन्द्र विद्यालय र वडा कार्यालय भवनमा रहेकाले समग्रमा मतदातामैत्री नै रहेको पाइएको जानकारी दिए । जियोकले सातै प्रदेशमा राष्ट्रिय पर्यवेक्षक खटाएर निर्वाचनपूर्वको अवस्थाबारे जानकारी लिएको हो । प्रतिवेदनमा भनिएको छ, 'जिल्लामा एकीकृत सुरक्षा योजना कार्यान्वयन, निर्वाचन तयारी प्रशासनिक र सुरक्षात्मक दृष्टिले सन्तोषजनक छ, दलहरूबीच प्रतिस्पर्धा तीव्र भए पनि समग्र वातावरण शान्तिपूर्ण छ ।'

देशभर निर्वाचन केन्द्रमा मतदान सामग्री र कर्मचारीको खटाइ योजनाअनुसार नै सम्पन्न भएको पाइएको प्रतिवेदनमा उल्लेख छ । यसअघि उम्मेदवारको घरदैलो तथा चुनावी प्रचारप्रसार शान्तिपूर्ण रूपमा सम्पन्न भइरहेको छ । जियोकले मुलुकका ३६ जिल्लाका २५० स्थानीय तहमा ४०० को संख्यामा निर्वाचन पर्यवेक्षक खटाएको छ ।

# बागमती प्रदेशमा २६ अस्थायी मतदान केन्द्र

**काठमाडौं (प्रस)–** बागमती प्रदेशका विभिन्न जिल्लामा २६ वटा अस्थायी मतदान केन्द्र तोकिएका छन् । निर्वाचन आयोगकाअनुसार सबैभन्दा धेरै अस्थायी मतदान केन्द्र काठमाडौंमा छ वटा तोकिएका छन् ।

काठमाडौं जिल्लामा सात हजार ६८७ अस्थायी मतदाता कायम छन् । काठमाडौं महानगरपालिका-११ स्थित जगन्नाथ देवालयको केन्द्रीय कारागार, कामनपा वडा नं ३० स्थित डिल्लीबजार कारागार, नगार्जुन नगरपालिका-३ को सशस्त्र प्रहरी बलको कार्यलय, भद्रकाली मन्दिर तथा जिल्ला प्रशासन कार्यालयका भवनमा अस्थायी मतदान केन्द्र तोकिएका छन् ।

आयोगका अनुसार भक्तपुरमा दुई हजार ३०४, ललितपुरमा दुई हजार ५४९, काभ्रेपलाञ्चोकमा दुई हजार ४८१, मकवानपुरमा तीन हजार ३०७, चितवनमा तीन हजार १८५, नुवाकोटमा दुई हजार ९५६ र धादिङमा दुई हजार ८१८ अस्थायी मतदाता रहेका छन् । यसैगरी रसुवामा एक हजार पाँच, सिन्धुलीमा एक हजार ७७५, रामेछापमा दुई हजार ४२२, खोलखामा दुई हजार ३११ अस्थायी मतदाता रहेका छन् । देशभर १४३ वटा अस्थायी मतदान केन्द्र तोकिएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले कारागार, सरकारी कार्यालय, सुरक्षा निकाय, अस्पताल तथा सार्वजनिक संस्थानमा कार्यरत मतदातालाई लक्षित गरी अस्थायी मतदान केन्द्र तोकिएको जानकारी दिए ।


**जापानमा रोजगार**    कम्पनी : YK SERVICE COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मिति : २०८२/११/१९    LT. No. 330550    चलानी नं. ६०२५३२२५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | CARE GIRVER | 0 | 2 | 226200 | २११,६३५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमितिः २०८२ फागुन २८ र २९ गते (12 & 13th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.**    Govt. License 304/059/60
New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 01-4568734, Mobile: 9851083996, 9813083335
981-6077927, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# मताधिकारको विवेकपूर्ण प्रयोग र समृद्धिको संकल्प

**नेपाली राजनीतिको महाकुम्भ अर्थात् प्रतिनिधिसभा निर्वाचन २०८२ हाम्रो दैलोमा आइपुगेको छ । निर्वाचन आयोगले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार एक करोड ८९ लाखभन्दा बढी मतदाता यसपटक लोकतन्त्रको यो उत्सवमा सहभागी हुँदै छन् । यो केवल अंकको संग्रहमात्र होइन, बरु नेपालको आगामी पाँच वर्षको भविष्य कोर्ने निर्णायक शक्ति हो ।**

**निर्वाचनको तथ्यांकलाई मसिनो गरी केलाउँदा केही उत्साहजनक त केही सोचनीय पाटाहरू देखिन्छन् । प्रत्यक्षतर्फका तीन हजार ४०६ उम्मेदवारमध्ये एक हजार १४३ जना स्वतन्त्र उम्मेदवार हुनुले दलीय राजनीतिप्रति जनताको बदलिँदो दृष्टिकोण र विकल्पको खोजीलाई संकेत गर्छ । यद्यपि, प्रत्यक्षतर्फ महिला उम्मेदवारी केवल ११.४ प्रतिशतमा खुम्चिनुले समावेशिताको नारा अझै पनि पूर्णरूपमा कार्यान्वयन हुन नसकेको तीतो यथार्थ हाम्रा सामु छ । यस्तो अवस्थामा मतदाताको काँधमा अझ ठूलो जिम्मेवारी थपिएको छ–सही, निष्कलंक र भिजन भएको नेतृत्व छनोट गर्ने ।**

**राजनीतिक दलहरूले सत्ता प्राप्तिको होडबाजीमा कतिपय अवस्थामा नीति र सिद्धान्तलाई तिलाञ्जली दिएको जनगुनासो व्याप्त छ । त्यसैले, यसपटकको मतदानमा मतदाताले कुनै प्रलोभन वा डरमा नपरी आफ्नो स्वविवेक प्रयोग गर्न जरुरी छ । उम्मेदवारको विगत, उसको नैतिकता र उसले अघि सारेको विकासको खाकालाई आधार मानेर मतदान गर्नु नै नागरिक धर्म हो । हाम्रो एउटा गलत मतले आगामी पाँच वर्षसम्म पछुताउनुपर्ने अवस्था सिर्जना गर्न सक्छ ।**

**अर्कातर्फ, निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र निष्पक्ष बनाउनु सरकार र राजनीतिक दलहरूको प्रमुख दायित्व हो । तीन लाख ४० हजारभन्दा बढी सुरक्षाकर्मीको परिचालनले सुरक्षाको भरोसा त दिन्छ, तर वास्तविक शान्ति दलहरूको आचरण र कार्यकर्ताको संयमतामा निर्भर गर्दछ । निर्वाचन बुथ कब्जा गर्ने, मतदातालाई तर्साउने वा आचारसंहिता उल्लंघन गर्ने कार्य लोकतन्त्रमा अक्षम्य मानिन्छन् । सरकारले निष्पक्षताको प्रत्याभूति गराउनुपर्छ भने दलहरूले स्वच्छ प्रतिस्पर्धाको संस्कृति अँगाल्नुपर्छ ।**

**अन्त्यमा, मताधिकार भनेको नागरिकले पाउने सबैभन्दा शक्तिशाली अधिकार हो । एक लाख ८६ हजार १४२ अस्थायी मतदातादेखि ९२ लाखभन्दा बढी महिला मतदातासम्म सबैले यस ऐतिहासिक अवसरमा उत्साहपूर्वक सहभागी भएर आफ्नो अधिकार सुरक्षित गर्नुपर्छ । घरैमा बसेर राजनीतिलाई गाली गर्नुभन्दा मतदान केन्द्रमा पुगेर सही नेतृत्व छान्न सक्रिय हुनु नै वास्तविक नागरिकको पहिचान हो । तपाईंको एक मतले देशको भाग्य बदल्न सक्छ । निर्भय भएर मतदान गरौं र लोकतन्त्रलाई बलियो बनाऔं ।**

# एक मतले बदल्ने छ देशको मुहार



❑ मनोहर कार्की

> पछिल्लो समयको घटनाक्रमले मुलुकलाई राजनीतिक अस्थिरतातर्फ अग्रसर गराइरहेको सन्दर्भमा हुन लागेको यो निर्वाचन आफैँमा महत्त्वपूर्ण छ । जेन-जी आन्दोलनको परिणामस्वरूप मुलुक प्रतितिधिसभाको निर्वाचन र राजनीतिक दलहरु ताजा जनादेश प्राप्त गर्नेतर्फ उत्साहित छन् । सुशासन, भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता र लोकतान्त्रिक परिपाटीको संस्थागत विकासमा यो निर्वाचन कोसेढुंगा हुने निश्चित छ । निर्वाचनमा होमिएका राजनीतिक दलको अग्निपरीक्षा हुँदै छ ।

नेपाली जनताको संघर्ष, आन्दोलन र राजनीतिक सचेतनाको सोपान आज फागुन २१ गते प्रतिनिधिसभा सदस्य चयनका लागि आमनिर्वाचन हुँदै छ । नेपालको संविधान २०७२ कार्यान्वयनका विविध पाटासँग जोडिएको र जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभा सदस्य निर्वाचनमार्फत नेपाली मतदाताले १६५ निर्वाचन क्षेत्रबाट प्राप्त सदर मतमा पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने प्रतिनिधिसभा सदस्य निर्वाचित गर्दै छन् । यसैगरी समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत ११० सदस्य गरी कूल २७५ सदस्यीय प्रतिनिधिसभाका लागि देशैभर मतदान हुँदै छ ।

केही फरक परिवेशमा आजको निर्वाचन हुँदै छ । मूलतः जेन-जी आन्दोलनको म्याण्डेडमा यो निर्वाचन हुन लागेको हो । विकसित राजनीतिक घटनाक्रमबीच आजको निर्वाचनमा सहभागी ६५ राजनीतिक दलका उम्मेदवार र स्वतन्त्र गरी कूल तीन हजार ४०६ उम्मेदवार प्रतिस्पर्धामा छन् । जसमा ३८८ जना अर्थात् ११.४ प्रतिशत महिला उम्मेदवार रहेका छन् । यस निर्वाचनमा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाताले आफ्नो मताधिकारको प्रयोग गर्ने छन्, जसमा महिला मतदाता मतदाता ४८.८८ प्रतिशत र पुरुष मतदाता ५१.१२ प्रतिशत रहेका छन् । यिनै सचेत मतदाताको निर्वाचान प्रक्रियामा सहभागिता र मतदानले तीन हजार ४०६ उम्मेदवारको भाग्यपरीक्षा आजको निर्वाचनबाट हुने छ ।

प्रचारप्रसारको दुई साताभन्दा लामो अवधिको चुनावी अभियान, मतदाता रिझाउने र मतदाताका मन जित्ने प्रयत्न निर्वाचनमा होमिएका सबै दल र दलका चुनावी अभियानले गाउँ सहर तथा कुना कन्दराका बस्ती-बस्तीसम्म गुञ्जयमान भए । परिवर्तन र राजनीतिक स्थायित्वका लागि मत खसाल्न मतदाता आतुर छन् । जनताको व्यग्र प्रतीक्षाको दिन आजको बिहानीसँगै पूरा हुँदै छ । समग्र देशवासी मतदानका लागि तयार भएका छन् ।

लोकतन्त्रमा जनता नै सर्वेसर्वा हुन् । जनताले आफ्नो सार्वभौम अधिकार मतदानमार्फत उपयोग गरेर आफ्ना मन खाएका उम्मेदवारलाई निर्वाचित गराउने छन् । प्रजातन्त्रको संस्थागत विकास र यसका आयामको ऐतिहासिक क्षण र लोकतन्त्रको संस्थागत विकासमा संघर्ष र त्यागको गाथालाई आत्मसात् गर्दै यो निर्वाचानमार्फत सचेत मतदाताले सोच र विवेकपूर्ण निर्णय लिई इतिहासप्रति न्याय गर्ने छन् । निर्वाचनले लोकतन्त्रको सवलीकरणलाई रूपान्तरणकारी बनाउँछ । इतिहासका विभिन्न कालखण्डमा राजनीतिक परिवर्तनमा योगदान दिनेको सम्मान र राजनीतिक पद्धतिलेसमेत नवीनतम् दिशाबोध पाउँछ ।

निर्वाचन लोकतन्त्रको पर्याय हो । निर्वाचन आमजनताले आफ्ना जनप्रतिनिधि छान्ने उत्कृष्ट विधि र लोकतान्त्रिक पद्धतिलाई आत्मसात् गर्ने साधन पनि हो । सार्वभौम जनताले मताधिकार प्रयोग गरी जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभा सदस्यको चयनका लागि प्रत्यक्ष सहभागी हुने प्रणाली हो । त्यसैले बालिग मताधिकारको प्रयोगका लागि मतदानस्थलसम्म मतदाता पुग्ने र निर्भय तथा स्वविवेकमा मतदान गर्ने नैसर्गिक अधिकारको प्रयोग लोकसम्मत विधि र परम्पराको आधारस्तम्भ पनि हो । मतदातामा देखिएको उत्साहलाई निर्वाचन प्रक्रियाबाट प्रतिनिधि छान्ने अवसरलाई संस्थागत गर्ने दिशामा सबैको समान दायित्व रहन्छ । राजनीतिक दल, नागरिक समाज, सचेत वर्ग र विधिको शासनका लागि निर्वाचन र निर्वाचित जनप्रतिनिधिमूलक संस्थामार्फत शासन सञ्चालन सबैभन्दा उत्कृष्ट लोकतान्त्रिक अभ्यास हो ।

पछिल्लो समयको घटनाक्रमले मुलुकलाई राजनीतिक अस्थिरतातर्फ अग्रसर गराइरहेको सन्दर्भमा हुन लागेको यो निर्वाचन आफैंमा महत्त्वपूर्ण छ । जेन-जी आन्दोलनको परिणामस्वरूप मुलुक प्रतितिधिसभाको निर्वाचन र राजनीतिक दलहरू ताजा जनादेश प्राप्त गर्नेतर्फ उत्साहित छन् । सुशासन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र लोकतान्त्रिक परिपाटीको संस्थागत विकासमा यो निर्वाचन कोसेढुंगा हुने निश्चित छ । निर्वाचनमा होमिएका राजनीतिक दलको अग्निपरीक्षा हुँदै छ । लोकतन्त्रको सुन्दर पक्ष नै निर्वाचन र निर्वाचित जनप्रतिनिधिबाट सरकार सञ्चालन हो । जनअनुमोदन र सार्वभौम जनताले विधिसम्मत निर्वाचित जनप्रतिनिधिमार्फत व्यवस्थापिका गठन र कार्यकारी सरकार निर्माण हुन्छ ।

वर्तमान सुशीला कार्की नेतृत्वको सरकार निष्पक्ष, स्वच्छ र भयरहित वातावरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरणको जिम्मेवारीका साथ चुनाव सम्पन्न गर्न लागि परेको छ । निर्वाचनलाई स्वच्छ,, निष्पक्ष, भयरहित तथा शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न निर्वाचनको आचारसंहिता पालनामा सबै जिम्मेवार बन्नुपर्दछ । विशेषतः निर्वाचनमा होमिएका राजनीतिक दल, तिनका उम्मेदवार तथा निर्वाचन परिचालनका यावत् क्रियाकलापमा निर्वाचन सञ्चालन, निर्वाचनपश्चात्को मतगणना र अन्तिम निर्वाचन परिणाम सार्वजनिकीकरणसम्मका प्रक्रियालाई व्यवस्थित र विश्वसनीय वातावरणमा सम्पन्न गर्ने दिशामा राजनीतिक दल, नागरिक समाज तथा अन्य सरोकारवाला निकायले हार्दिकता देखाउन सक्नुपर्दछ । चुनावलाई ऐतिहासिक महत्त्वको बनाउन सबैको साझा दायित्व र कर्तव्य रहन्छ ।

लोकतन्त्रको सवलीकरण तथा स्थायित्वका लागि राजनीतक दल तथा दलका सांगठनिक संरचनाले दीर्घकालसम्म राष्ट्रिय राजनीतिको मियोलाई आत्मसात् गरेर अघि बढ्न सक्नुपर्दछ । राजनीतिक दलका सन्दर्भमा राजनीतिक विश्लेषकका केही पेचिलो विचारको सान्दर्भिकतालाई यहाँ उद्धृत गर्नु सान्दर्भिक नै देखिन्छ । जब हामी राजनीतिक दलको कुरा गर्छौं, हामी त्यो संगठनलाई औंल्याइरहेका हुन्छौं, जुन कि स्थानीयस्तरसम्म प्रभावकारी हुन्छ, जो सामान्य जनतासँग अन्तरक्रियाशील रहने छ । त्यसबाट चुनावी समर्थनका लागि प्रयत्नशील रहन्छ, जसले राजनीतिक भर्तीमा प्रत्यक्ष र उल्लेखनीय भूमिका खेल्दछ, जो एक्लै वा अरुसँग संलग्न भई शक्ति आर्जनमा अभिप्रेरित वा शक्तिमा कायम रहिरहन वचनबद्ध हुन्छ ।

जनताले लोकतान्त्रिक अभ्यासमार्फत जसरी विभिन्न राजनीतिक दलहरूलाई उनीहरूको निर्वाचित प्रतिनिधिमार्फत अभिमत दिएका हुन्छन् । त्यसको अनुभूतिको प्रतिविम्ब निर्वाचित प्रतिनिधिहरूले लोकतान्त्रिक व्यवस्थामा मूल्यमान्यतालाई संस्थागत विकास गर्ने दिशामा आफ्ना क्रियाकलापलाई अझ जनउत्तरदायी बनाउन सक्नुमा नै भलाइ छ ।

राजनीतिक स्थिरता, कानुनी शासनको दिशामा राजनीतिक दल र राज्य सञ्चालक निकायको महत्त्वपूर्ण भूमिका रहन्छ । राजनीतिक दलले जनभावनालाई प्रतिविम्बित गर्न सकेनन् भने त्यस्ता दल तथा दलका सांगठनिक संरचनाले दीर्घकालमा राष्ट्रिय राजनीतिको मियो थेग्न हम्मेहम्मे पर्दछ । क्रियाशील तथा चलायमान राजनीतिक दलले जनभावनालाई प्रतिविम्बित गर्न सक्नुपर्दछ । कुनै पनि निर्वाचन त्यसको कसी हो । आवधिक निर्वाचनले राजनीतिक दल तथा दलका सदस्य अनि हित समूहलाई क्रियाशील तथा गतिशील बनाउँछ ।

वि.सं. २००७ सालको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन, २०१५ सालमा सम्पन्न भएको प्रतिनिधिसभाको पहिलो ऐतिहासिक निर्वाचन र नेपाली कांग्रेसको जननिर्वाचित सरकार, २०४६ सालको बहुदलीय व्यवस्थाको पुनर्स्थापना तथा २०६२/६३ को दोस्रो जनआन्दोलनको जगमा खडा भएको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अंगीकार गरेको मुलुकको अग्रगमनका लागि जेन-जी आन्दोलनको उभारमा ल्याएको राजनीतिक परिवर्तनको पृष्ठभूमिमा दिगो शान्ति, विकास तथा स्थायित्वका लागि सबैको समान चासो र सरोकार रहेमा लोकतन्त्रको जग अझ मजबुत हुने छ ।

आज (फागुन २१) को निर्वाचन लोकतान्त्रिक व्यवस्थालाई अझ सुदृढ, जनमुखी बनाउँदै मुलुकमा पारदर्शी शासन व्यवस्था स्थापित गर्नका लागि महत्त्वपूर्ण हुने आम नेपालीको अपेक्षा छ । स्थायित्व, सुशासन र समृद्धिको मार्गमा मुलुकलाई अगाडि आजको निर्वाचन कोसेढुंगा बन्न सक्छ । तर, यसमा मतदाताको भूमिका महत्त्वपूर्ण रहन्छ । मतदान गर्नु केवल मताधिकारको प्रयोग गर्नुमात्रै होइन, देशका लागि सही र सक्षम नेतृत्व चुन्नु हो । यो ऐतिहासिक अवसर मतदाताले गुमाउनु हुँदैन । सचेत भएर सबैले सोचौं र सही निर्णय लिऔं । तपाईंको एक मतले बदल्ने छ देशको मुहार ।

## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

## पाठक मञ्च

# इजरायल-इरान युद्धले नेपालमा खतराको संकेत

नेपालमा पेट्रोल र डिजेलबाट सञ्चालित सवारीसाधनको संख्या झण्डै एक करोड छ । दुई वा चार पांग्रे ती सवारीसाधन यातायात कार्यालयहरूमा दर्ता भएका छन् । एउटा गाडीमा डेढ लाखदेखि २४ करोडसम्म लगानी गरिएको छ । निजी, सार्वजनिक र संस्थानका गाडीमा गरिएको लगानी हो यो ।

जसमा व्यक्ति, सरकार, सम्बन्धित कम्पनी वा बैंक, वित्तीय संस्थाको पुँजी छ । सवारीसाधन विशेषगरी फलाम, प्लास्टिक, रबर, सिसा, फम, कपडालगायतबाट बन्छ । यी वस्तु दुई रूपैयाँ किलोमासमेत बिक्री हुन्न । कानुनले सवारीसाधनलाई विलासिताका वस्तु भनेको छ । नेपालमा जति पनि गाडी सञ्चालित छन्, ती सबै छिमेक भारत र चीनको उत्पादन हो ।

हामीलाई महँगोमा गाडी बेचेर उनीहरू मोटाएका छन् । यता, सवारीसाधनमा बैंक, वित्तीय संस्थाले ८० प्रतिशतसम्म लगानी गरेको पाइन्छ । पैसा हुनेले ऋण नलिई गाडी किनेका छन् र आफ्नै नाममा दर्ता गराएका छन् । पैसा नपुग्नेले बैंक, वित्तीय संस्थाबाट ऋण लिएर गाडी किनेका छन् र उनीहरूले सम्बन्धित संस्थाकै नाममा दर्ता गराएका छन् ।

सरकारले ०७८ सालमै पेट्रोल र डिजेलबाट सञ्चालित सवारीसाधन ०८८ सालभित्र देशभरबाट विस्थापित गर्ने निर्णय गरी राजपत्रमा प्रकाशित गरिसकेको छ । इजरायल र इरानबीच युद्ध सुरु भएको छ । जसको प्रभाव समग्र खाडी मुलुकमासमेत देखिएको छ । इरान विश्वमा धेरै तेल निर्यात गर्नेमध्ये एक प्रमुख देश हो ।

युद्ध चर्किएसँगै अब तेलको हाहाकार हुने संकेत देखिसकिएको छ । त्यसको प्रभाव नेपालमा पनि पर्ने छ वा पर्न थालिसकेको छ । पेट्रोल पम्पहरूमा सवारीसाधनको लाम देखिन थालेको छ । नेपालमा पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधन करोडौंको संख्यामा छ । विमान पनि इन्धनबाटै चल्छ । हामी कहाँ ग्यासको धेरै प्रयोग गरिन्छ ।

यी सबै बाहिरी मुलुकबाट आयात गर्ने गरिएको छ । हामीकहाँ पेट्रोल, डिजेल, ग्यासको खानी छैन । त्यसैले, सरकारले विद्युतीय सवारीसाधनलाई जोड दिएको हो । तर, सरकारको निर्णय अटेर गर्दै दलालीको लहैलहैमा लागेर लाखौं, करोडौं हाली सवारीसाधन किन्नेहरू अब चुर्लुम्म हुने पक्का छ । पेट्रोल, डिजेलविना गाडी चल्दैन । नचलेपछि त्यो गाडीको के काम ? अनि लाखौं-करोडौंको गाडी सित्तैमा दिँदासमेत कसैले लिने छैनन् ।

सवारीसाधनमामात्र होइन, घरजग्गा, सेयर र सुनमा पनि यस्तै भएको छ । यी वस्तु विलासी हुन् भनी कानुनले प्रस्ट भनेको छ । तर, दलालको पछि लागेर धेरैले लगानी गरे । आफूले जीवनभर कमाएकोसहित बैंक, वित्तीय संस्थाबाट चर्को ब्याजमा ऋण लिइलिई लगानी गरियो । आज उनीहरू घर न घाटको अवस्थामा पुगेका छन् । किनकि पाँच दशकअघिसम्म रोपनीको १० हजारमा नबिक्ने खेतीयोग्य जमिन आनाकै २५ लाखदेखि १४ करोडसम्ममा किनिएको छ ।

गाउँ होस् या सहरको जग्गा होस्, दुवै जग्गा नै हो । तर, गाउँको जग्गालाई जग्गै होइन र सहरकोमात्र जग्गा हो भन्ने भाष्य सिर्जना गरियो । गाउँको खेतीयोग्य जमिन बाँझो छोडियो । सस्तोमा बेचियो । तर, पाँच वर्षअघि काठमाडौं उपत्यकासहित देशभरका सहरी इलाकामा आनाकै लाखौं-करोडौं हालेर व्यक्तिहरूले जग्गा किनेको पाइन्छ । त्यो पनि बैंक, वित्तीय संस्थाबाट ऋण लिएर ।

यसरी जग्गा किन्नुको एउटै कारण हो, घर बनाउनु अनि भाडामा लगाउनु । केहीले यसरी कमाए पनि । तर, धेरैजसो डुबेका छन् । घर भाडाले बैंकको साँवाब्याज तिर्न पुग्दैन । कतिपयको घरै भाडामा गएको छैन । यसले घर भाडाबाटै ऋण तिर्छु भन्नेहरू अहिले फसेका छन् । उनीहरूले आफ्नो घर त गुमाउनुपर्‍यो नै सँगै तीन पुस्ता कालोसूचीमा परेका छन् ।

यता, सेयर बैंक, वित्तीय संस्था, हाइड्रोपावर, बिमा कम्पनीलगायतले प्रतिकित्ता १०० रूपैयाँमा निष्काशन गरेका हुन् । दलालीहरूले कृत्रिम मूल्य बढाएर कित्ताकै ३२ सयमा सेयर बेचेका छन् । अहिले सेयर घटेर २५ सयमा झरिसकेको छ । ३२ सयमा सेयर किनेकाहरूले अहिले नै ७०० घाटा खाइसकेका छन् । सेयरको मूल्य अझै घट्ने बजारमा चर्चा छ ।

अनि एक सयको सेयर एक सयमै झरेमा के होला ? सुन वि.सं. २०२२ सालसम्म प्रतितोला ८० रूपैयाँ थियो । चाँदी त बिक्री नै हुँदैन्थ्यो । तर, यही सुन केही महिनाअघि तोलाकै तीन लाख ८० हजार हालेर मानिसहरूले किने । सुनको मूल्य पनि घट्दो छ । अहिले भाउ बढे पनि सुनको किनबेच ठप्प छ । सुन व्यापारीहरू सुन किन्न मान्दैनन् ।

भोलि डुबिन्छ भनेर उनीहरू पन्छिन् । अहिले सुन पसलमा भीड त एकदमै देखिन्छ । तर, त्यो किन्नेको होइन, बेच्नेको भीड हो । बेच्ने ग्राहक धेरै आएपछि धेरैजसो व्यापारी सटर नै बन्द गरेर बसेका छन् । घरजग्गा, गाडी, सेयर र सुनमा लगानी गरेका करोडौं सर्वसाधारण डुब्न थालिसकेका छन् । यसमा सरकार पनि जिम्मेवार छ ।

सरकारले बेलैमा यी वस्तु विलासिताका हुन्, दलालीको पछि लागेर लगानी नगर्नू भनी जनतालाई सचेत गराउनुपर्थ्यो । विडम्बना, यहाँ त सरकारमै दलालीहरू बसेका छन् । अनि जनतालाई के रोक्थे । उल्टै उकास्ने काम गरे । घरजग्गा, गाडी, सेयरमा लगानी गर्ने बाटो खुकुलो बनाइदिए । सरकारलाई कर भए पुग्यो, दलालीलाई ठग्न पाए भयो । जनताचाहिँ थोरै नाफाको प्रलोभनमा परे । अहिले जनता डुब्दा न सरकार जिम्मेवारी लिन्छ न दलाली ।

सबै पन्छिएका छन् । सहकारीकै उदाहरण काफी छ । हिजो सहकारी चलुञ्जेल सरकारले सहकारीमा रकम राख्न प्रोत्साहन गर्‍यो । जनताले विश्वासमा परेर आफ्नो दुःखको कमाई सहकारीमा राखे । आज उनीहरूको रुवाबासी चलेको छ । सहकारी टाट पल्टिएको छ । सञ्चालक, अध्यक्ष भागेका छन् । सरकार उनीहरूलाई पक्रन्छ न बचत फिर्ता गराउन तात्छ ।

- **रूषा थापा**, भक्तपुर



**मतदान केन्द्र तयार** | तनहुँको व्यास नगरपालिका–१० बैरेनीस्थित चण्डीदेवी राष्ट्रिय माध्यमिक विद्यालयमा बुधबार तयार गरिएको मतदान केन्द्र । *तस्बिरः रासस*

# निर्वाचन शान्तिपूर्ण बनाउन सीमानाकामा सुरक्षा कडाइ

**लुम्बिनी–** बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनका लागि नेपाल-भारत सीमानाकामा सुरक्षा व्यवस्था कडा बनाइएको छ ।

सीमानाकामा सुरक्षाका लागि दुवै देशका सीमा क्षेत्रका अधिकारीबीच अनौपचारिक सीमा समन्वय बैठक सम्पन्न भएको छ। रूपन्देहीका प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेले भारत उत्तर प्रदेश राज्यको महाराजगञ्ज जिल्लाका समकक्षीसँग प्रतिनिधिसभा निर्वाचन २०८२ का सन्दर्भमा अनौपचारिक सीमा समन्वय बैठक बसेर सीमा क्षेत्रको अनुगमन गरी सुरक्षामा कडाइ गरिएको जानकारी दिए ।

दुवै देशका अधिकारीबीच भएको अनौपचारिक छलफल र सीमा क्षेत्रको अनुगमनमा नेपालको तर्फबाट प्रजिअ पोखरेलसहित जिल्ला प्रहरी कार्यलय रूपन्देहीका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक जनकबहादुर शाही, सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी उपरीक्षक नवराज बोहरा र राष्ट्रिय अनुसन्धानका निर्देशक प्रकाश आचार्य सहभागी भएका थिए। त्यस्तै भारत महाराजगञ्ज जिल्लाका प्रमुख अधिकारी (डिएम) सन्तोषकुमार शर्मा र भारतीय प्रहरीका एसपी सोमेन्द्र मीना सहभागी थिए ।

निर्वाचनको समयमा सीमानाका बन्द गर्ने र त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा दुवै पक्षबीच छलफल भएको प्रजिअ पोखरेलले जानकारी दिए । निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्षरूपमा सम्पन्न गर्ने कार्यमा सघाउन भारतीय पक्षलेसमेत चासो देखाएको उनले बताए । निर्वाचनलाई मध्यनजर गर्दै भारतसँग जोडिएका रूपन्देहीका सम्पूर्ण सीमानाकाहरू यही फागनु १८ गते सोमबार राति १२:०० बजेदेखि ७२ घण्टाका लागि बन्द गरिएका छन् । निर्वाचनको दिन मतदान सम्पन्न नभएसम्मका लागि सबै सीमानाका बन्द गरिएको प्रशासनले जनाएको छ ।

प्रजिअ पोखरेलका अनुसार मालवाहक सवारीसाधन र पर्यटक सवार सवारीसाधनसहित आवागमन हुने रूपन्देहीको मुख्य बेलहिया र साना सवारीसाधन आवतजावत गर्ने लुम्बिनी-कक्रहवालगायत सम्पूर्ण सीमानाका बन्द गरिएका हुन् । नाका बन्द गरेर कडाइ गरेपछि सीमा क्षेत्र सुनसान बनेका छन् । दैनिक हजारौं यात्रु र सयौं सवारीसाधन ओहोरदोहोर गर्ने रूपन्देहीका सबै नाका सुनसान भएका स्थानीय बताउँछन् ।

सीमा बन्द गरिएको अवधिमा ग्यास बुलेट र पेट्रोलियम पदार्थ बोकेका सवारीसाधन, एम्बुलेन्स र नेपाल भ्रमणमा आएका तेस्रो मुलुकका पर्यटकबाहेक अन्य सामानको ढुवानी तथा आवागमनमा रोक लगाइएको प्रजिअ पोखरेलले जानकारी दिए ।

### मत गणनास्थलमा तार जाली

मत गणनास्थललाई सुरक्षित बनाउन रूपन्देहीका सबै मतगणनास्थललाई तार जालीले घेरिएको छ । प्रतिनिधिसभा निर्वाचनको मत गणनास्थल सुरक्षित गर्न रूपन्देहीका पाँचवटै निर्वाचन क्षेत्रका गणनास्थलमा १० फिट अग्लो तार जालीले घेरिएको छ ।

रूपन्देहीका मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतका अनुसार सुरक्षा चुनौतीलाई मध्यनजर गरी मतगणनालाई व्यवस्थित गर्न लागिएको हो । रूपन्देहीको निर्वाचन क्षेत्र नं १ मा देवदह आदर्श बहुमुखी क्याम्पस सित्तलनगर, क्षेत्र नं २ मा बुटवल उपमहानगरपालिका-११ को कार्यालय देवीनगर, क्षेत्र नं ३ भैरहवास्थित भैरहवा नमूना माध्यमिक विद्यालय, क्षेत्र नं ४ मा कोटहीमाई गाउँपालिकाको कार्यालयको सभा हल र क्षेत्र नं ५ मा गैडहवा गाउँपालिका कार्यालयलाई मतगणनास्थल तोकिएको छ ।

मुख्य निर्वाचन अधिकृत बस्नेतका अनुसार विद्युत् आपूर्ति सहज बनाउन तार जालीको अगाडि जोडिएको बत्ती चार्ज हुने किसिमको जडान गरिएको छ । मतगणना परिसरमा सिसिटिभी क्यामरा पनि जडान गरिएको छ ।

मतगणनाको क्रममा मतगणनामा खटिएका कर्मचारी, सुरक्षाकर्मीबाहेक अरू कसैलाई तार जालीभित्र जान नपाउने र उम्मेदवारका प्रतिनिधि तथा अन्य सरोकारवालालाई तार जाली बाहिरबाट हेर्न दिइने व्यवस्था मिलाइएको प्रमुख निर्वाचन अधिकृत बस्नेतले जानकारी दिए । *रासस*

# वनकरिया बस्तीमा बढ्दै छ शिक्षातर्फको आकर्षण



■ राजु विश्वकर्मा

**बागमती–** पढ्ने उमेर भए पनि मकवानपुरको मनहरी गाउँपालिका-४ वनकरिया बस्तीका नौ वर्षीय रजनी वनकरिया विद्यालय जाँदैनथे । घरदेखि करिब ५०० मिटरकै दूरीमा विद्यालय भए पनि विद्यालय नगई घरमै खेलेर समय बिताउँथे तर अहिले बिहान हुनेबित्तिकै झोलामा कपी-किताब बोकेर पढ्न विद्यालय जान थालेका छन् ।

कुनै बेला पर्साको मध्यवर्ती क्षेत्र चुरेघाँचमा फिरन्ते जातका रूपमा चिनिने लोपोन्मुख वनकरिया जातिलाई सरकारले २०६२ सालमा जंगली जीवनबाट मानव बस्तीमा सारेको थियो । जिल्ला वन कार्यालयले कबुलियती वन समूहअन्तर्गत नौ हेक्टर क्षेत्रफलमा रहेको उक्त बस्तीमा २४ घरपरिवार वनकरिया समुदायको वसोवास गराएको छ । त्यही ठाउँमा ती जातिका मानिस करिब २० वर्षदेखि बस्दै आएका थिए ।

वि.सं. २०७८ को जनगणनाअनुसार वनकरिया जातिको कूल जनसंख्या १८० र मतृभाषा बोल्ने जनसंख्या ८६ मात्र छ । वनकरिया जातिको नेपालको त्यो बस्तीमामात्र बसोबास रहेको वनकरिया समुदायकी अगुवा सन्तोषी वनकरियाले बताइन् । उक्त बस्तीमा हाल ४५ महिला र ४६ पुरुष गरी ९१ जना वनकरिया रहेको उनको भनाइ छ ।

केही वर्षअघिसम्मका फिरन्ते वनकरियाले अहिले खेतीपातीसँगै कुखुरा, बाख्रा र भैंसी पालेका छन् भने कोही ज्याला मजदुरीको काम गर्छन् । आमा-बुबा खेतीपाती र पशुपालनमा व्यस्त हुँदा दिनभरि खेलेरै दिन बिताउँदै आएका सोही बस्तीका सात वर्षीय सौरभ वनकरियाको पनि अहिले दिनचर्या फेरिएको छ । रजनीसँगै सौरभ पनि अहिले घर नजिकैको चेपाङ आधारभूत विद्यालय जान थालेका छन् ।

रजनी र सौरभमात्र होइन, पछिल्लो समय वनकरिया बस्तीका बालकालिकाको शिक्षाप्रतिको आकर्षण बढ्दै गएको छ । अहिले सो बस्तीका सात जना बालबालिका चेपाङ आधारभूत विद्यालयमा अध्ययनरत छन् भने चारजना श्री पशुपतिनाथ माध्यमिक विद्यालय मसिने गोलघरमा अध्ययनरत रहेको सो बस्तीकी अगुवा सन्तोषी वनकरियाले बताइन् ।

'म करिब १० वर्षको छँदा २०६३ सालमा पहिलोपटक विद्यालय पुगेकी थिएँ,' सन्तोषीले भनिन्, 'त्यतिखेर मानिसहरू वनकरिया भनेर अचम्म मानेर हेर्थे, स्कुलमा सरहरू पनि देख्दा मलाई डर लाग्थ्यो, कहिल्यै त्यसरी अन्य समुदायका मान्छेहरूसँग संगत गरेको थिइनँ ।' विस्तारै स्कुल सहज हुँदै गएको र २०७३ सालमा आफूले एसइई परीक्षा उत्तीर्ण गरेको उनले सुनाइन् । त्यो भन्दा अघिल्लो वर्ष २०७२ सालमा सोही बस्तीकी पम्फा वनकरियाले सोही विद्यालयबाट एसएलसी उत्तीर्ण गरेकी थिइन् ।

पम्फा र सन्तोषीसँगै आरती वनकरिया, सम्झना वनकरिया, अनिल वनकरिया र विष्णुमाया वनकरिया गरी अहिलेसम्म सो बस्तीका छ जनाले एसइई उत्तीर्ण गरेका छन् । एसइई उत्तीर्ण गरेकामध्ये सन्तोषीले कक्षा १२ सरहको बाली विज्ञान (जिटिए) उत्तीर्ण गरेकी छन् भने आरती, सम्झना, अनिल कक्षा १२ मा अध्ययनरत छन् । मकवानपुरको हेटौंडा बहुमुखी क्याम्पसमा अध्ययनरत आरती पत्रकारिता क्षेत्रमा पनि थोरै सक्रिय रहेको बताउँछिन् ।

सो बस्तीका बालबालिकाहरूलाई लक्षित गरी मनहरी गाउँपालिका र केही संस्थाहरूले शैक्षिक अभियानअन्तर्गत बस्तीमै निःशुल्क टचुसन कक्षा र विद्यार्थीहरूलाई शैक्षिक सामग्रीहरू उपलब्ध गराएपछि विद्यालय जाने वनकरिया समुदायको बालबालिकाको संख्या बढ्दै गएको हो । विगतमा प्राथमिक तहको विद्यालय टाढा हुँदा वनकरिया बस्तीबाट विद्यालय जाने बालबालिकाको संख्या थोरै थियो तर गाउँपालिकाले बस्ती नजिकै २०७९ सालमा चिसापानीबाट चेपाङ आधारभूत विद्यालय सारेपछि अहिले सो बस्तीबाट विद्यालय जाने विद्यार्थीको संख्या बढेको आरती वनकरिया बताउँछिन् ।

'पहिलापहिला हाम्रो बस्तीका बालबालिकाहरू स्कुल टाढा छ भनेर विद्यालय नगई खेलेरै दिन बिताउने गरेका थिए तर बस्ती नजिकै स्कुल सारिएको र बस्तीमै निःशुल्क टचुसन कक्षा सञ्चालन भएपछि बिस्तारै पढाइलेखाइप्रति आकर्षित हुन थालेका छन्,' आरतीले भनिन्, 'केही वर्षअघिसम्म विद्यालयमा हाम्रो बस्तीका बालबालिका न्यून संख्यामामात्र भेट्थ्यो, अहिले विस्तारै विद्यालय जानेको संख्या बढ्न थालेको छ ।'

वनकरिया बस्तीका अभिभावकहरूले पनि शिक्षाको महत्त्व थाहा नभएका कारण आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउन चाहिरहेको थिएनन् । बिस्तारै अभिभावकहरूमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको सन्तमाया वनकरिया बताउँछिन् । 'जंगलमा फिरन्ते जीवन बिताइरहँदा आफूहरूले पनि पढ्नुपर्छ भने थाहै थिएन,' वनकरिया समाजका अध्यक्षसमेत रहेकी सन्तमायाले भनिन्, 'अहिले फरक संसारमा आएको महसुस भइरहेको छ ।'

वनकरिया समुदायको शिक्षाको अवस्थामा सुधार ल्याउन स्थानीय सरकारले वनकरिया बस्ती लक्षित शैक्षिक कार्यक्रम सञ्चालन गरिएको मनहरी गाउँपालिका-४ का वडाअध्यक्ष प्रकाश थापाले बताए । 'वनकरिया बस्तीका बालबालिकालाई विद्यालयमा भर्ना गराउने, बस्तीकै निःशुल्क टचुसन कक्षा सञ्चालन गरेका छौं,' उनले भने, 'विद्यालय भर्ना भएका वनकरिया बस्तीका बालबालिकालाई शैक्षिक सामग्री र स्कुल झोलासमेत उपलब्ध गराउँदै आएका छौं ।' महिलाहरूका लागि प्रौढ शिक्षासमेत सञ्चालन गरिएको छ । बिस्तारै समाजमा घुलमिल हुँदै गएकाले वनकरिया समुदायमा चेतनाको विकास भएको छ । *रासस*

# कोशी प्रदेशमा निर्वाचन सुरक्षा सुदृढ

**काठमाडौं (प्रस)–** यसपटकको निर्वाचनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चर्चामा रहेका झापालगायत कोशी प्रदेशका सबै निर्वाचन क्षेत्रमा भयरहित वातावरणमा चुनाव सम्पन्न गराउन भरपर्दो सुरक्षा व्यवस्था मिलाइएको छ ।

कोशी प्रदेशका २८ वटै निर्वाचन क्षेत्रमा एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबीच आवश्यक सहयोग र समन्वयमा सुरक्षा व्यवस्था सुदृढ तुल्याइएको उक्त प्रदेशका सुरक्षा अंगका प्रमुखहरूले बताएका छन् । उनीहरूले समयमै मतदानस्थलमा पुगेर निर्धक्क मतदान गर्न मतदातालाई आग्रह गरेका छन् ।

नेपाली सेनाका पूर्वी पृतनापति एवं उपरथी गौरवकुमार केसीले सेना अन्य सुरक्षा निकायसँगको समन्वय र प्रभावकारी सुरक्षा व्यवस्थापनमा खटिएको बताए । उनले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउन कोशी प्रदेशको सुरक्षा व्यवस्था सुदृढ बनाइएको बताए ।

सुरक्षा निकायसँगको समन्वय र सहकार्यमा निर्वाचनलाई शान्तिपूर्णरूपमा सम्पन्न गराउन पूर्वी पृतना कटिबद्ध रहेको उपरथी केसीले जानकारी दिए । प्रदेशका १४ वटै जिल्लामा अस्थायी बेस स्थापना गरी पैदल तथा मोबाइल गस्ती सञ्चालन, बम डिस्पोजल टोली परिचालन तथा तैनाथी, संवेदनशील स्थानमा विशेष फौजको तैनाथी र सुरक्षा अवस्थालाई थप सुदृढ बनाउन हवाई गस्ती तथा ड्रोनमार्फत निगरानी




बढाइएको सेनाले जनाएको छ ।

सशस्त्र प्रहरी बलसँगको सहकार्यमा निर्वाचनको मौन अवधिमा सीमा क्षेत्रका नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउन पैदल तथा मोबाइल गस्ती बढाइएको छ। आकस्मिक उद्धार तथा सम्भावित संवेदनशील अवस्थामा खटिन हेलिकप्टर तथा हवाइजहाजलाई इटहरी र विराटनगरमा तयारी अवस्थामा राखिएको सेनाको भनाइ छ ।

कोशी प्रदेशका प्रहरी प्रमुख एवं प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले सबै निर्वाचन क्षेत्रमा एकीकृत सुरक्षा योजनाअनुसार चारवटै सुरक्षा निकाय खटिएको बताए । 'सबै ठाउँमा सुरक्षा व्यवस्था चुस्त दुरुस्त र सुदृढ छ । मतदानमा भाग लिन मतदाताले कुनै डर त्रास मान्नुपर्दैन,' उनले भने, 'सुरक्षामा कुनै कमजोरी हुँदैन । निर्धक्क भई मतदान गर्नूस् ।'

सशस्त्र प्रहरी नायब महानिरीक्षक मनिष थापाले सुरक्षामा कुनै सम्झौता नगर्ने गरी गस्ती भइरहेको जानकारी दिए । उनले सीमावर्ती क्षेत्रमा कडाइ गरिएको र भयरहित वातावरणमा मतदानको सुरक्षा सुनिश्चिता गरिसकेको स्पष्ट पारे । सशस्त्र प्रहरी बलले सो प्रदेशमा सबै निर्वाचन क्षेत्रमा आवश्यक जनशक्ति परिचालित गरिएको जनाएको छ । सुरक्षा व्यवस्थापनका लागि 'हेडक्वार्टर' र कोशी प्रदेशस्तरीय सुरक्षा समितिबाट प्रहरी टोली परिचालन गरिएको छ ।

# कञ्चनपुरमा गिद्धको संख्यामा सुधार

**कञ्चनपुर (प्रस)–** शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा गिद्धका गुँडको अनुगमन सुरु गरिएको छ । नेपाल पन्छी संरक्षण संघले गिद्धको अवस्था तथा गुँडको स्थितिबारे जानकारी लिन दोस्रो चरणको अनुगमन अघि बढाएको हो ।

निकुञ्जको तारापुर, हिरापुर तथा बाहिरी क्षेत्र लालझाडीलगायतका स्थानमा गुँड अनुगमनका लागि टोली परिचालन गरिएको संघका वरिष्ठ चराविज्ञ हिरूलाल डगौराले बताए । हालसम्म अनुगमन गरिएका क्षेत्रमा गिद्धका गुँड सन्तोषजनक अवस्थामा रहेको पाइएको उनले बताए ।

उनका अनुसार सुदूरपश्चिममा गिद्धको पहिलो चरणको अनुगमन गत जनवरीमा गरिएको थियो । त्यस क्रममा १२० वटा गुँड अभिलेख भएका थिए । दोस्रो चरणको अनुगमनमा गुँडको संख्या बढेको पाइएको छ । गिद्धको संख्या पनि विगतका तुलनामा क्रमशः वृद्धि हुँदै गएको छ ।

कञ्चनपुरमा मुख्यतः डङगर गिद्ध, सानो खैरो गिद्ध, राज गिद्ध, सुन गिद्ध, हिमाली गिद्धलगायत प्रजाति पाइने गरेका छन् । तीमध्ये सानो खैरो गिद्ध अत्यन्त संकटापन्न अवस्थाका मानिन्छन् भने अन्य केही प्रजाति संकटापन्न वा जोखिमको अवस्थामा छन् ।



प्रकृतिको कुचिकारका रूपमा चिनिने गिद्धको संरक्षणका लागि बासस्थान सुधार, गुँड बनाउने रुखको संरक्षण तथा जनचेतना अभिवृद्धि गरिँदै आएको छ । गिद्धका लागि हानिकारक मानिएको डाइक्लोफेनाक औषधिको प्रयोग नियन्त्रण तथा पशु औषधि पसलको अनुगमनले पनि सकारात्मक प्रभाव पारेको जनाइएको छ । कञ्चनपुर र कैलालीमा अनुगमन सम्पन्न भएपछि बैतडी र डडेल्धुरामा पनि गिद्धका गुँडको अनुगमन गरिने कार्यक्रम रहेको छ । तेस्रो चरणको अनुगमन आगामी 'मार्च'मा गरिने चराविज्ञ डगौराले जानकारी दिए ।

प्रभाव दैनिक

बिहीबार, २१ फागुन २०८२ (Thursday, 05 March 2026)

## रूपशाला

### क्यानडाका तीन सहरमा गुञ्जिँदै 'नेपथ्य'

नेपाली लोकरक ब्यान्ड 'नेपथ्य'ले अप्रिल महिनामा क्यानडाको सांगीतिक भ्रमणको घोषणा गरेको छ। 'नेपथ्य क्यानडा लाइभ कन्सर्ट २०२६' नाम दिइएको उक्त टूर त्यहाँका तीन स्थानमा हुनेछ। पहिलो कन्सर्ट १० अप्रिलको शुक्रबार सडबरीस्थित कम्युनिटी एरिनामा हुनेछ। १३ अप्रिलको सोमबार टोरन्टोस्थित क्वीन एलिजाबेथ थिएटरमा कन्सर्ट हुनेछ। १८ अप्रिलको शनिबार ओन्टारियाको लन्डनस्थित लन्डन म्युजिक हलमा कन्सर्ट हुनेछ। दर्शकले नेपथ्यको आधिकारिक वेबसाइटमार्फत टिकट लिन सक्ने जनाइएको छ। दुईवर्षअघि ब्यान्डले क्यालगरी, भ्यानकुभर र टोरन्टोमा प्रस्तुति दिएको थियो।




### महानायक हमालको सन्देश

# 'सुझबुझका साथ भोट हालौं'



■ प्रभाव संवाददाता

**काठमाडौं–** आज प्रतिनिधिसभाको निर्वाचन हुँदैछ। निर्वाचन पूर्वसन्ध्यामा अभिनेता राजेश हमालले भिडियो सन्देश जारी गर्दै मतदातालाई सुझबुझ र विवेक प्रयोग गरेर मतदान गर्न आग्रह गरेका छन्।

फेसबुकमार्फत सार्वजनिक भिडियोमा हमालले अहिलेको अवस्थामा राजनीतिक ऐक्यबद्धता र स्थिरता अत्यन्त आवश्यक रहेको बताएका छन्। उनका अनुसार देशको अस्तित्वका लागि पनि राजनीतिक स्थिरता जरुरी छ।

अमेरिका र इजरायलको नाम नलिइकन उनले केही दिनअघि शक्तिशाली राष्ट्रले अनुमतिबिनै इरानमा आक्रमण गरेको प्रसंग उल्लेख गर्दै विश्व राजनीतिक परिस्थिति अस्थिर बन्दै गएको बताए। यस्तो अवस्थामा नेपालजस्तो सानो राष्ट्र अझ संवेदनशील र कमजोर स्थितिमा पुग्न सक्ने उनले तर्क गरे।

हमालले भदौ २३ र २४ मा भएका घटनाको पृष्ठभूमिमा देश चुनावतर्फ अघि बढिरहेको उल्लेख गरे। उनले ती दिनमा भएका कहालीलाग्दा घटनाबारे र राष्ट्रिय सम्पदामा भएको क्षतिका विषयमा अझै स्पष्ट जवाफदेहिता नदेखिएको बताए। ती घटनाहरू आपसमा सम्बन्धित थिए वा थिएनन् भन्नेबारे पनि नेपाली जनताले स्पष्ट जानकारी नपाएको उनले बताए।

उनले यसपटकको निर्वाचन आफ्ना लागि अत्यन्त संवेदनशील र चुनौतीपूर्ण भएको बताए। मतदातासामु पुराना राजनीतिक दलहरूको धमिलिएको छवि र नयाँ शक्तिको राजनीतिक अपरिपक्वता दुवै पक्ष रहेको उल्लेख गर्दै सही निर्णय लिन कठिनाइ हुने उनले बताएका छन्।

आजको भू-राजनीतिक परिस्थितिमा नेपालमा राजनीतिक स्थिरता र ऐक्यबद्धता नआए देशको स्वतन्त्रता र सार्वभौमसत्तामै असर पर्न सक्ने जोखिम हमालले औंल्याएका छन्। त्यसैले मतदाताले गम्भीरतापूर्वक सोचेर आफ्नो मत प्रयोग गर्नुपर्ने उनले आग्रह गरे। उनले मतदाताले आफ्नो मतमार्फत कसलाई शक्ति हस्तान्तरण गरिरहेका छन् र ती व्यक्तिले विश्वको अस्थिर राजनीतिक परिस्थितिमा नेपाललाई कसरी अघि बढाउनेछन् भन्ने विषय गहिराइका साथ विचार गर्नुपर्ने बताए।

हमालले अहिले राजनीतिमा सहकार्यभन्दा शक्ति संघर्ष बढी हाबी हुँदै गएको पनि उल्लेख गरे। नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्था कमजोर हुँदै गइरहेको अवस्थामा नेपालजस्तो सानो राष्ट्रको स्थिति अझ संवेदनशील बन्न सक्ने उनले बताए।

उनले मतदातालाई कुनै दबाबमा नपरी वर्तमान परिस्थिति र संवेदनशीलतालाई ध्यानमा राखेर मतदान गर्न आग्रह गरे। 'हाम्रो अगाडि छनोट सजिलो छैन, चुनौतीपूर्ण छ। त्यसैले सुझबुझ र संयमताका साथ मतदान गर्नुपर्छ,' उनले भने। उनले नेपालको राजनीतिले देशलाई सही निकास दिन सकोस् भन्ने कामना पनि व्यक्त गरेका छन्।

# शाक्य र श्रेष्ठको एकल चित्रकला प्रदर्शनी हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** चित्रकार निखिल शाक्य र उदय चरण श्रेष्ठको एकल चित्रकला प्रदर्शनी हुँदैछ। उनीहरू दुवै जनाको कला फरकफरक विषयमा प्रर्दशनी हुन लागेको हो।

सिद्धार्थ आर्ट ग्यालरीमा श्रेष्ठको मार्च १३ गते कला प्रदर्शनी हुँदैछ भने, मार्च २० मा श्रेष्ठको चित्रकला प्रदर्शनी हुँदैछ। चित्रकार शाक्यले 'जर्नी टु अ भिजिनरी आर्ट वर्ल्ड' विषयमा चित्रकला प्रर्दशनी हुने बताए। श्रेष्ठले 'मुखाकृति' विषयमा कला प्रदर्शनी हुने जानकारी दिए।

शाक्यले चित्रकला एक शक्तिशाली ध्यान साधन भएको बताउँदै यसले आफूलाई रचनात्मक, ऊर्जा र विचारहरूलाई सन्तुलनमा राख्न मद्दत गर्ने धारणा राखे। कला प्रदर्शनीमा चित्रहरूमार्फत दर्शकले आध्यात्मकी अनुभुति गर्ने उनले विश्वास व्यक्त गरे।

श्रेष्ठको कला पनि आध्यात्मिक भावमा



कोरिएका परम्परागत पौवा चित्र प्रदर्शनी गर्ने बताए। पौवा परम्परा बौद्ध धर्म संस्कृतिसँग जोडिएको हुनाले यसको प्रदर्शनीको महत्व रहेको उनले उल्लेख गरे।

# पत्रकार विराट अनुपमको 'पहिलो आमनिर्वाचन २०१५' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** पत्रकार एवं लेखक विराट अनुपमद्वारा लिखित किताब 'पहिलो आमनिर्वाचन २०१५' सार्वजनिक भएको छ। मंगलबार राजधानीमा मिडियाका सक्रिय पत्रकारहरूद्वारा संयुक्त रूपमा किताबको विमोचन भएको हो।

किताब बारे बोल्दै प्रकाशक बूकहिलका अध्यक्ष भूपेन्द्र खड्काले ऐतिहासिक राजनीतिक संग्रह भएको बताए। उनले कूटनीति र राजनीतिमा गहिरो चासो राख्ने पत्रकार अनुपमले छोटो समयमा महत्वपूर्ण दस्ताबेज तयार पारेको जानकारी दिए।

शिलापत्रका सम्पादक अनलाइनका सम्पादक योगेश ढकालले किताबमा पहिलो आमनिर्वाचनको विस्तृत तथ्यांकसहितका नवीन सूचना रहेको भन्दै पठनयोग्य पुस्तक तयार पारेको बताए।

त्यस्तै लेखक एवं प्राध्यापक डा. जगत नेपालले आफूले समेत थाहा नपाएको कतिपय नयाँ तथ्याङ्क किताबमा रहेको हुँदा राजनीतिक विषयमा चाखा मान्नेका लागी उपयोगी पुस्तक भएको बताए।

पत्रकार अनुपमले पहिलो आमनिर्वाचनमा भएको रोचक कुराहरू किताबमा समावेश भएको बताए। जसमा नेपाली राजनीतिका 'हेभिवेट' को पराजय, उक्त चुनावलाई राष्ट्रिय-अन्तराष्ट्रिय मिडियामा भएको कभरेज, विपी-महेन्द्रबिचको दुरी लगायतका विषयहरू किताबमा रहेको बताए।

उक्त किताबमा पहिलो चुनावमा १०९ वटै क्षेत्रको परिणाम, सबै दलका घोषणा पत्र लगायतका दस्तावेज संग्रह गरिएको छ भने सो चुनावमा सहभागी भएका उम्मेदवार, मतदातालगायतको प्रत्यक्ष संवाद समेत समेटिएको छ।

अनुपमले यसअघि डोरबहादुर बिस्टद्वारा लिखित अंग्रेजी किताब 'रिपोर्ट फर्म ल्हासा'को नेपाली अनुवाद किताब 'ल्हासाको खबर' ल्याएका छन्।

## रंगशाला

### विश्वकप लिग-२

# त्रिकोणात्मक एकदिवसीय सिरिज स्थगित

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी सातादेखि काठमाडौंमा हुने तय भएको आइसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गतको ओमन, युएई र नेपालबिचको सिरिज स्थगित भएको छ। मध्यपूर्वको वर्तमान अवस्थालाई ध्यानमा राख्दै उक्त सिरिज स्थगित गरिएको नेपाल क्रिकेट संघ (क्यान)ले बुधबार विज्ञप्ति जारी गर्दै जानकारी दिएको छ। यूएई र ओमान दुवै टोली मध्यपूर्वका देश हुन्। हाल चलिरहेको परिस्थितिका कारण सो क्षेत्रमा उडानहरू पनि भएका छैनन्। सोही कारण यूएई र ओमानको क्रिकेट टोली नेपाल आउनेबारे पछिल्लो समय अन्योल देखिँदै आएको थियो।

आवश्यक परामर्शपछि यस शृंखलाको संशोधित मिति सार्वजनिक गरिने क्यानले विज्ञप्तीमार्फत जानकारी दिएको छ। लिग २ को यस शृंखला सन् २०२५ नोभेम्बरमा हुने तय भएपनि नेपाल प्रिमियर लिग (एनपीएल) को




दोस्रो संस्करण आयोजना हुँदा यो शृंखला सरेको थियो।

लिग २ को २०२४-२०२७ साइकलमा नेपालले अहिलेसम्म पाँच शृंखला खेलिसकेको छ भने यो छैटौं शृंखला हुनेछ। तर नेपालको प्रदर्शन भने राम्रो हुन सकेको छैन। २० खेल खेल्दा जम्मा ५ खेल मात्र जितेको नेपाल १२ अंकसहित ८ टोली मध्ये सातौं स्थानमा छ। नेपालको दुई खेलमा नतिजा निस्केको थिएन।

नेपाल समान खेल खेल्दै ५ खेल नै जितेको युएई नेपाल भन्दा पछि छ। युएईको १० अंक छ। यस्तै यस शृंखलामा खेल्ने अर्को टोली ओमानले पनि २० खेल नै खेलेको छ। ११ खेल जितेको ओमान २५ अंकसहित चौथो स्थानमा छ। ओमानको वनि दुई खेल 'नो रिजल्ट' भएको थियो। लिग २ मा २४ खेल खेलिसकेका अमेरिका, स्कटल्याण्ड र नेदरल्याण्ड्स क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थानमा छन्। यस्तै २४ नै खेल खेलिसकेको क्यानडा २१ अंकसहित पाँचौ र नामिबिया १९ अंकसहित छैटौं स्थानमा छ।

# तनहुँका युवामा ब्याडमिन्टन खेलको आकर्षण बढ्दो

■ प्रभाव संवाददाता

**दमौली–** तनहुँका युवामा ब्याडमिन्टन खेलप्रति आकर्षण बढेको छ। तनहुँको सदरमुकाम दमौली, शुक्लागण्डकी नगरपालिकाको दुलेगौंडा, खैरेनीटार, गाछेपानी, भिमाद नगरपालिकाको भिमाद बजार, म्याग्दे गाउँपालिकाको थर्पु, धयरेमा ब्याडमिन्टन खेलका लागि कभर्डहल बनेपछि युवाहरू यसतर्फ आकर्षित भएका हुन्।

नियमित रूपमा बिहानदेखि रातिसम्म फुर्सदको समयमा आफूलाई स्वस्थ र तन्दुरुस्त राख्नका लागि युवाहरू समूह मिलाएर ब्याडमिन्टन खेल्ने गर्दछन्। यस खेल युवाहरूको रुचिको पहिलो रोजाइ बनेको खेलाडीहरू बताउँछन्।

युवाहरू चार जनाको जोडी मिलाएर खेल्न सकिने र छोटो समयमा धेरै पसिना आउने भएकाले यस खेलमा युवाहरूको आकर्षण बढेको प्रशिक्षक तथा खेलाडी विपीन घलेले बताए।

जिल्लाका स्थानीय तहहरूले लगानी गरेर कभर्डहल निर्माण गरेपछि भित्र खेल्ने खेल भएकाले



हावापानी, घाम तथा अन्य समयमा पनि खेल्न सहज भएको खेलाडी एवं व्यास नगरपालिकाका योजना शाखा प्रमुख भेषराज तिवारीले बताए।

व्यास नगरपालिका-१ निवासी प्रदीप न्यौपानेले कार्यालय समयबाहेकको समयमा फुर्सद मिलाएर नियमित रूपमा ब्याडमिन्टन खेल्ने गरेको बताए।

ब्याडमिन्टन प्रतियोगितामा युवाको आकर्षण बढेपछि यहाँ प्रतियोगितासमेत हुने गरेका छन्। ब्याडमिन्टन प्रतियोगितामा धेरै टिमको सहभागिताले यस खेलमा आकर्षण बढेको पुष्टि हुने खेलाडी रामकृष्ण क्षेत्रीले बताए।

म्याग्दे गाउँपालिकाले थर्पुमा म्याटसहितको र धयरेमा कभर्डहल निर्माण गरी खेललाई निरन्तरता दिएको म्याग्दे गाउँपालिका-४ का वडाध्यक्ष दीपककुमार श्रेष्ठले बताए।



भारतको अहमदाबादस्थित कालुपुर स्वामीनारायण मन्दिरमा रंगीन पानी छर्किएर होली पर्व मनाउँदै हिन्दू भक्तहरू । *तस्बिरः एएफपी*

# होर्मुजमा इरानको नियन्त्रण दाबी, युद्ध तीव्र

**पेरिस–** मध्यपूर्वमा जारी युद्ध पाँचौं दिनमा प्रवेश गर्दा इरानले विश्व ऊर्जा आपूर्तिको प्रमुख मार्ग होर्मुज जलडमरूमध्यमा 'पूर्ण नियन्त्रण' रहेको दाबी गरेको छ । यसैबीच इजरायलले इरान र लेबनानमा नयाँ आक्रमण सुरु गरेको जनाएको छ, जसले क्षेत्रीय तनाव थप चर्किएको संकेत दिएको छ ।

इरानको रिभोलुसनरी गाड्र्सले होर्मुज हुँदै आवतजावत गर्ने कुनै पनि जहाज मिसाइल वा ड्रोन आक्रमणको जोखिममा पर्न सक्ने चेतावनी दिएको छ । होर्मुज जलडमरूमध्य विश्व तेल तथा ग्यास आपूर्तिका लागि अत्यन्त संवेदनशील समुद्री मार्ग मानिन्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी नौसेना तेल टयांकरहरूलाई एस्कर्ट गर्न तयार रहेको बताएका छन् । गाड्र्सले अमेरिका र इजरायली लक्ष्यहरूमा ४० भन्दा बढी मिसाइल प्रहार गरिएको दाबी पनि गरेको छ ।

युद्धको पृष्ठभूमिमा इरानले सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको तीनदिने राजकीय अन्त्येष्टि बुधबार साँझदेखि सुरु हुने जनाएको छ । खामेनी शनिबार अमेरिका-इजरायल आक्रमणमा मारिएको इरानको दाबी छ । त्यसपछि द्वन्द्व तीव्र बनेको हो । इजरायलका रक्षामन्त्रीले सम्भावित उत्तराधिकारीसमेत 'हत्याको लक्ष्य' बन्न सक्ने चेतावनी दिएका छन् ।

बुधबार बिहान इरानबाट प्रक्षेपित क्षेप्यास्त्रहरूले जेरुसेलम र तेल अभिवसहित इजरायलका विभिन्न क्षेत्रमा हवाई आक्रमणको साइरन बजाएको थियो । इजरायली सेनाले खतरा निष्क्रिय पार्न काम गरिरहेको जनाएको छ । जेरुसेलम नजिकै आगलागी भएको खबर आए पनि तत्काल हताहतको विवरण प्राप्त भएको छैन ।

यसैबीच श्रीलंकाले आफ्नो क्षेत्रीय जलक्षेत्र बाहिर १८० चालक दलसहितको एक इरानी फ्रिगेट डुबेको जनाएको छ । कारण खुल्न बाँकी छ । श्रीलंकाका विदेशमन्त्रीले आइरिस डेनामा सवार ३० इरानी नाविकको उद्धारका लागि




जहाज र विमान पठाइएको जानकारी दिए ।

मध्यपूर्वमा अमेरिकी सैन्य बलको नेतृत्व गरिरहेका एडमिरल ब्राड कुपरले हालसम्म इरानमा करिब दुई हजार लक्ष्यमा प्रहार गरिएको बताए । उनका अनुसार इरानको हवाई सुरक्षा संरचना गम्भीररूपमा क्षतिग्रस्त पारिएको छ र सयौं ब्यालेस्टिक मिसाइल, लञ्चर तथा ड्रोन नष्ट गरिएको छ ।

लेबनानको राजधानी बेरुतमा इजरायल र हिजबुल्लाहबीच आक्रमण र रकेट प्रहार आदानप्रदान हुँदा विष्फोटका आवाज सुनिएको एएफपीका संवाददाताले जनाएका छन् । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बेरुतको दक्षिण क्षेत्रका दुई सहरमा इजरायली आक्रमणबाट कम्तीमा छ जनाको मृत्यु र आठ जना घाइते भएका छन् । राज्य मिडियाले बेरुतको हजमिह उपनगर र पूर्वी सहर बालबेकमा आक्रमण हुँदा थप पाँच जनाको मृत्यु भएको जनाएको छ ।

साउदी अरेबियाले राजधानी रियादको दक्षिण क्षेत्रमा दुईवटा क्रुज मिसाइल र नौ ड्रोन रोकेको जनाएको छ । इराकको बगदाद अन्तर्राष्ट्रिय विमानस्थल नजिकै एक ड्रोन खसालिएको सुरक्षा स्रोतले जानकारी दिएको छ । कतारले रिभोलुसनरी गाड्र्ससँग सम्बन्धित दुई जासुसी कक्ष ध्वस्त पारेको र १० जना संदिग्धलाई पक्राउ गरिएको जनाएको छ ।

इजरायली सेनाले इरानमाथि 'व्यापक हमला' सुरु गरिएको बताउँदै तेहरानको सुरक्षा कमाण्ड केन्द्रसहित दर्जनौं लक्ष्यमा आक्रमण गरिएको दाबी गरेको छ । दुबईस्थित अमेरिकी वाणिज्य दूतावासमा ड्रोन आक्रमणपछि आगलागी भएको प्रत्यक्षदर्शीले बताएका छन् ।

अमेरिकी विदेश मन्त्रालयले साउदी अरेबिया र ओमानमा रहेका गैर-आपत्कालीन कर्मचारी तथा परिवारलाई सुरक्षाको कारण देखाउँदै प्रस्थान गर्न अनुमति दिएको छ । साथै जोर्डन, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सबाट अमेरिकी नागरिकलाई बाहिर निकाल्न चार्टर उडानको व्यवस्था गरिएको जनाएको छ ।

युद्धको प्रभाव विश्वबजारमा समेत देखिएको छ । एसियाली सेयर बजारहरूमा तीव्र गिरावट आएको छ र सियोलको सेयर सूचक १२ प्रतिशतभन्दा बढीले घटेको छ । यसैबीच कच्चा तेलको मूल्य उकालो लागेको छ । *रासस/एएफपी*

# मध्यपूर्व युद्धले भारतको ग्यास आपूर्ति जोखिममा

**मुम्बई–** मध्यपूर्वमा जारी युद्धका कारण भारतको ऊर्जा आपूर्तिमा प्रत्यक्ष असर पर्ने संकेत देखिएको छ । देशको सबैभन्दा ठूलो तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) आयातकर्ता पेट्रोनेट एलएनजीले केही अपरेसन अवरुद्ध हुन सक्ने चेतावनी दिएको छ । यसले विश्वकै सर्वाधिक जनसंख्या भएको राष्ट्रमा ग्यास आपूर्ति कडा हुन सक्ने चिन्ता बढाएको छ ।

कम्पनीले मंगलबार राति स्टक एक्सचेञ्जमा जारी गरेको सूचनाअनुसार होर्मुज जलडमरूमध्ये हुँदै कतार इनर्जीको लोडिङ पोर्ट रास लाफानसम्म जहाजहरू सुरक्षितरूपमा पुग्न नसक्ने अवस्था सिर्जना भएको छ । कतार इनर्जीले यसै साता एलएनजी उत्पादन स्थगित गरेको घोषणा गरिसकेको छ र भारतीय बजारका लागि प्रमुख आपूर्तिकर्ता मानिन्छ ।

यही पृष्ठभूमिमा पेट्रोनेट एलएनजीले आफ्ना तीन टयांकर ('दिशा', 'राही' र 'असीम') सम्बन्धमा कतार इनर्जीलाई 'फोर्स मेज्युअर' नोटिस पठाएको जनाएको छ । कम्पनीले कतार इनर्जीबाट पनि यस्तै नोटिस प्राप्त भएको जानकारी दिएको छ । साथै, गेल (इण्डिया), इण्डियन आयल कर्पोरेसन र भारत पेट्रोलियम कर्पोरेसनजस्ता आफ्ना घरेलु ग्राहकहरूलाई पनि 'फोर्स मेज्युअर' सूचित गरिएको छ ।

कम्पनीले सम्भावित प्रभावको परिमाण अहिले नै आकलन गर्न नसकिने जनाएको छ । तर स्थानीय सञ्चारमाध्यमका अनुसार केही घरेलु ग्यास आपूर्तिकर्ताहरूले औद्योगिक ग्राहकहरूलाई आपूर्तिमा सामान्य कटौती हुन सक्ने संकेत गरिसकेका छन् ।

भारत आफ्नो ऊर्जा आवश्यकताको ठूलो हिस्सा तेल र ग्यास आयातमार्फत पूरा गर्छ । यही कारण मंगलबार सरकारले युद्ध लम्बिँदै गए अर्थतन्त्रमा 'गम्भीर परिणाम' आउन सक्ने चेतावनी दिएको थियो । यद्यपि पेट्रोलियम मन्त्रालयले देशको मौज्दात 'सन्तोषजनक' रहेको बताउँदै आवश्यक परे चरणबद्ध उपाय अपनाउन सकिने स्पष्ट पारेको छ ।

हिन्दू दैनिकले स्रोत उद्धृत गर्दै भारतसँग करिब २५ दिनका लागि कच्चा तेलको भण्डार र आगामी दुई-तीन साताका लागि एलएनजी आपूर्ति रहेको जनाएको छ । तर विश्लेषकहरूका अनुसार कच्चा तेलको मूल्यवृद्धि दक्षिण एसियाली अर्थतन्त्रहरूका लागि चुनौतीपूर्ण बन्न सक्छ ।

फिच सोलुसन्सको एकाइ बिएमआईका विश्लेषकहरूले श्रीलंकाले आफ्नो विद्यमान बाह्य वित्तीय दबाबका कारण कूल गार्हस्थ उत्पादनमा सबैभन्दा ठूलो असर झेल्नुपर्ने टिप्पणी गरेका छन् । भारतले पनि उच्च कच्चा तेल आयात निर्भरता भएकाले थप आर्थिक दबाब सामना गर्नुपर्ने चेतावनी उनीहरूले दिएका छन् । यसरी मध्यपूर्वको अस्थिरताले ऊर्जा बजारमार्फत दक्षिण एसियाली अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्न थालेको संकेत देखिएको छ । *रासस/एएफपी*

# पाँच वर्षे मार्गचित्र सार्वजनिक गर्दै सुरु भयो चीनको वार्षिक राजनीतिक अधिवेशन

**बेइजिङ–** सुस्त बन्दै गएको अर्थतन्त्र, उच्च युवा बेरोजगारी र बाह्य व्यापारिक दबाबकाबीच चीनले आफ्नो वार्षिक राष्ट्रिय राजनीतिक अधिवेशन सुरु गर्न लागेको छ । बेइजिङमा हुने यस उच्चस्तरीय भेलामा आगामी पाँच वर्षका प्राथमिकता, आर्थिक लक्ष्य र नीतिगत दिशाबारे स्पष्ट खाका प्रस्तुत गरिने अपेक्षा गरिएको छ । विश्लेषकहरूले यसलाई चीनको भावी आर्थिक र राजनीतिक मार्गचित्र निर्धारण गर्ने महत्त्वपूर्ण क्षणका रूपमा हेरिरहेका छन् ।



यस अवसरमा चीनको औपचारिक व्यवस्थापिका राष्ट्रिय जन कंग्रेसको बैठक बस्ने छ । बैठकमा देशका प्रमुख नीतिगत निर्णयहरू अनुमोदन गरिन्छन् । करिब तीन हजार सदस्य सहभागी हुने यस निकायले चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वबाट अघि सारिएका कानुन तथा प्रस्तावहरू पारित गर्ने छ । यद्यपि, मतदान प्रक्रिया औपचारिकरूपमा सञ्चालन हुन्छ, निर्णयहरू प्रायः सर्वसम्मत पारित हुने परम्परा रहँदै आएको छ ।

यससँगै चिनियाँ जन राजनीतिक परामर्शदात्री सम्मेलनको बैठक पनि आयोजना हुँदै छ । समाजका विभिन्न क्षेत्र (व्यवसायी, शिक्षाविद्, वैज्ञानिक, खेलाडी तथा अल्पसंख्यक समुदायका प्रतिनिधिहरू) समेटिएको यो सल्लाहकार निकायले सुझाव प्रस्तुत गर्ने भूमिका निर्वाह गर्छ । तर सार्वजनिक नीतिमा यसको प्रत्यक्ष निर्णयाधिकार सीमित रहेको बताइन्छ ।

विगतमा यी वार्षिक बैठकहरूलाई नीतिगत बहस र छलफलको मञ्चका रूपमा लिइन्थ्यो । सिंगापुरको नेसनल युनिभर्सिटीका सार्वजनिक नीतिका प्राध्यापक अल्फ्रेड वुले विगतका वर्षहरूमा केही विवादास्पद विषयमासमेत खुला छलफल हुने गरेको स्मरण गरे । उनका अनुसार पछिल्ला वर्षहरूमा भने बैठकहरू बढी औपचारिक, नियन्त्रित र प्रस्तुतीकरणमुखी बन्दै गएका छन् ।

यस वर्षको अधिवेशनमा अर्थतन्त्र मुख्य एजेण्डा बन्ने निश्चितजस्तै देखिएको छ । चिनियाँ प्रधानमन्त्रीले वार्षिक कूल गार्हस्थ उत्पादन (जिडिपी) वृद्धिदर लक्ष्य तथा रोजगारी, मुद्रास्फीति र सरकारी खर्चसम्बन्धी सूचकहरू सार्वजनिक गर्ने कार्यक्रम छ । विशेष ध्यान १५औं पञ्चवर्षीय योजनामा केन्द्रित हुने छ, जसको प्रारम्भिक मस्यौदा गत अक्टोबरमा सार्वजनिक गरिएको थियो । उक्त योजनाले प्राविधिक आत्मनिर्भरता, नवप्रवर्तन र उच्च गुणस्तरको विकासलाई प्राथमिकतामा राख्ने अपेक्षा गरिएको छ ।

चीनले योजनाबद्ध अर्थतन्त्रको ऐतिहासिक अभ्यासअनुसार पञ्चवर्षीय योजनामार्फत दीर्घकालीन विकास रणनीति तय गर्दै आएको छ । तर वर्तमान परिस्थितिमा अर्थतन्त्र चुनौतीपूर्ण मोडमा पुगेको छ । युवा बेरोजगारी उच्च रहेको छ, आवास बजार कमजोर देखिएको छ र घरेलु उपभोग अपेक्षाकृत सुस्त छ । यसबीच अमेरिकासँगको व्यापार तनावका कारण चिनियाँ वस्तुहरूमा लगाइएको अतिरिक्त करले निर्यात क्षेत्र थप प्रभावित भएको छ ।

विश्लेषकहरूका अनुसार चीनले अब प्रविधि-आधारित उत्पादन (रोबोटिक्स, नवीकरणीय ऊर्जा र कृत्रिम बौद्धिकता (एआई)) लाई तीव्ररूपमा अघि बढाउँदै आन्तरिक बजार सुदृढ गर्ने रणनीति अवलम्बन गर्नुपर्ने छ । तर प्रविधि आपूर्ति शृंखला अझै सीमित रहेकाले त्यसको लाभ व्यापक जनस्तरसम्म कसरी पुऱ्याउने भन्ने चुनौती कायम छ । एसिया सोसाइटीका नीतिविज्ञ नील थोमस र लोब्साङ सेरिङले चीनले यस वर्ष आफ्नो आर्थिक वृद्धिदर लक्ष्यलाई रेकर्ड न्यूनस्तरमा झार्न सक्ने अनुमान गरेका छन् । उनीहरूले यसलाई तीव्र वृद्धिबाट गुणस्तरीय वृद्धितर्फको रूपान्तरणको संकेतका रूपमा व्याख्या गरेका छन् ।

राजनीतिक र सैनिक संरचनाभित्र पनि केही परिवर्तन देखिएका छन् । गत जनवरीमा दुई वरिष्ठ जनरललाई पदबाट हटाइएको थियो । त्यसपछि व्यवस्थापिकाले थप १९ सदस्यलाई बर्खास्त गरेको छ । हाल केन्द्रीय सैन्य आयोगमा सेनालाई प्रत्यक्ष नियन्त्रण गर्ने सदस्य संख्या घटेको छ । यद्यपि, विश्लेषकहरूले तत्कालै ठूला कर्मचारी फेरबदलको घोषणा हुने सम्भावना कम रहेको बताएका छन् ।

सेन्टर फर स्ट्रेटेजिक स्टडिजले सार्वजनिक गरेको अध्ययनअनुसार राष्ट्रपति सी चिनफिङको नेतृत्वमा पछिल्ला चार वर्षभित्र पिपुल्स लिबरेसन आर्मीका करिब १०० वरिष्ठ अधिकारी हटाइएका छन् । तीमध्ये जनवरीमा पदमुक्त गरिएका जनरल झाङ युक्सिया प्रमुख नामका रूपमा उल्लेख गरिन्छन् । तर नेतृत्वले प्रतिस्थापन प्रक्रियामा हतार नगर्ने संकेत देखिएको छ ।

प्राध्यापक वुले उदाहरण दिँदै विदेशमन्त्रीको जिम्मेवारीसम्बन्धी घटनालाई स्मरण गरे । किन ग्याङ पदमुक्त भएपछि वाङ यीलाई पुनः जिम्मेवारी दिइएको प्रसंग उल्लेख गर्दै उनले उच्च तहका निर्णयहरू रणनीतिकरूपमा लिइने बताए ।

समग्रमा, बेइजिङमा सुरु हुन लागेको यो वार्षिक राजनीतिक अधिवेशन चीनका लागि केवल औपचारिक कार्यक्रममात्र नभई आगामी पाँच वर्षको विकास दिशा स्पष्ट गर्ने अवसरका रूपमा प्रस्तुत भएको छ । आर्थिक पुनरुत्थान, प्रविधिमा आत्मनिर्भरता र आन्तरिक स्थिरता सुदृढ गर्ने लक्ष्यसहित चीनले कस्तो मार्गचित्र सार्वजनिक गर्छ भन्ने विषयमा अन्तर्राष्ट्रिय समुदायको ध्यान केन्द्रित भएको छ । *रासस/एपी*

# इरान युद्धसँगै भ्रामक सूचनाको बाढी

**वासिङ्टन–** इरानमा अमेरिका-इजरायलले सुरु गरेको सैन्य आक्रमणसँगै डिजिटल संसारमा समानान्तर 'सूचना युद्ध' चर्किएको छ । पुनःप्रयोग गरिएका पुराना तस्बिर, भिडियो गेमका दृश्यलाई क्षेप्यास्त्र आक्रमणका रूपमा प्रस्तुत गरिएको सामग्री तथा कृत्रिम बौद्धिकता (एआई) बाट बनाइएका युद्ध दृश्यहरूले सामाजिक सञ्जाल भरिएको छ । विश्लेषकहरूका अनुसार जमिनमा भइरहेका घटनाभन्दा छिटो फैलिने यस्ता सामग्रीले कथानकको प्रतिस्पर्धालाई तीव्र बनाएको छ ।

सप्ताहन्तमा भएको अमेरिकी र इजरायली आक्रमणले क्षेत्रीय द्वन्द्वलाई विस्तार गरेपछि सामाजिक सञ्जालमा दुवै पक्षका समर्थकहरूले आ-आफ्नो दाबीलाई बलियो बनाउन असत्य र भ्रामक सामग्री व्यापकरूपमा फैलाएका छन् । एएफपीका तथ्य-जाँचकर्ताहरूले संयुक्त अरब इमिरेट्स (युएई) र साउदी अरेबियासहित इजरायल र खाडी मुलुकहरूमा तेहरानको क्षेप्यास्त्र प्रहारबाट ठूलो क्षति भएको दाबी गर्दै पुराना भिडियोहरू पुनःप्रयोग गरिएको पत्ता लगाएका छन् । यस्ता दाबीहरू इरान समर्थक खाताबाट प्रसारित भएका थिए ।

रणनीतिक संवाद संस्थान (आइएसडी) का मुस्तफा अयादले अनलाइन स्पष्टरूपमा 'कथात्मक युद्ध' भइरहेको बताए । उनका अनुसार खाडी क्षेत्रमा भएका आक्रमणलाई उचित देखाउने प्रयास होस् वा इजरायली तथा अमेरिकी आक्रमणको सामना गर्न इरानी सेनाको क्षमतालाई बढाइचढाइ प्रस्तुत गर्ने काम, दुवै पक्षले आफ्ना 'सत्रु' कमजोर देखाउने लक्ष्य राखेका छन् ।

अर्कोतर्फ, इरानी विपक्षी माध्यमहरूले एक्स र टेलिग्राममा इरानी बालिका विद्यालयमा भएको भनिएको क्षेप्यास्त्र आक्रमणलाई सरकारकै दोष भन्दै भ्रामक विवरणहरू सार्वजनिक गरेका छन् । अनुसन्धानकर्ताहरूले वरिष्ठ इरानी नेतृत्वको नक्कली सामाजिक सञ्जाल खातामार्फत झूटो पहिचान गरेकोसमेत भएको चेतावनी दिएका छन् ।

यसै क्रममा भिडियो गेमका क्लिपहरूलाई इरानी मिसाइल आक्रमणको वास्तविक दृश्य भन्दै प्रचार गरिएको छ भने युएसएस अब्राहम लिंकनजस्ता अमेरिकी युद्धपोत डुबेको देखाउने एआई-निर्मित तस्बिरहरूले लाखौं अवलोकन प्राप्त गरेका छन् । युक्रेन र गाजासहित अन्य विश्वव्यापी द्वन्द्वमासमेत यस्तै रणनीति अपनाइएको देखिएको छ ।

अयादका अनुसार यस्ता सामग्रीको गति र फैलावट नै सबैभन्दा चिन्ताजनक पक्ष हो, जसले लक्ष्यबद्ध आक्रमण र हताहत संख्याबारे व्यापक भ्रम सिर्जना गर्छ । गलत सूचना अनुगमन गर्ने संस्था न्युजगार्डले इरानलाई वास्तविक प्रमाणभन्दा बढी खतरनाकरूपमा चित्रण गर्ने बनावटी सामग्रीले एलन मस्कको स्वामित्वमा रहेको एक्समा सामूहिकरूपमा दुई करोड १९ लाखभन्दा बढी अवलोकन पाएको जनाएको छ ।

युद्धका बेला प्रामाणिक सूचनामा पहुँच आवश्यक रहेको भन्दै एक्सले मंगलबार नयाँ नीति घोषणा गरेको छ । कम्पनीले एआईबाट बनाइएका सशस्त्र द्वन्द्वसम्बन्धी भिडियो पोस्ट गर्दा कृत्रिम सामग्री भएको खुलासा नगर्ने सिर्जनाकर्तालाई ९० दिनसम्म राजस्व साझेदारी कार्यक्रमबाट निलम्बन गर्ने जनाएको छ । एक्सकी उत्पादन प्रमुख नीकिता बियरका अनुसार हालको एआई प्रविधिले मानिसलाई झुक्याउने सामग्री बनाउनु सजिलो बनाएको छ । मस्कले सन् २०२२ अक्टोबरमा कम्पनी खरिद गरेपछि यसको सामग्री व्यवस्थापन नीतिबारे व्यापक आलोचना हुँदै आएको थियो ।

डिपफेकविरुद्ध काम गर्ने कम्पनी ओपनओरिजिन्सका सहसंस्थापक एरी एबेलसनले 'युद्धको कुहिरो' अब 'सूचना प्रदूषण' मा रूपान्तरित भइरहेको बताए । उनका अनुसार एआई-निर्मित सामग्रीले सूचना वातावरणमा अनन्त हल्ला सिर्जना गरिरहेको छ र विश्वव्यापी प्रभाव पार्ने द्वन्द्वका बेला मिडिया प्रणाली कसरी बदलिँदै छ भन्ने बुझ्नु आवश्यक छ ।

न्युजगार्डको अर्को अध्ययनले गुगलको रिभर्स-इमेज उपकरणले मध्यपूर्व द्वन्द्वसँग जोडिएका बनावटी तस्बिरबारे गलत एआई-सारांश उत्पादन गरेको देखाएको छ । यसले तस्बिरको प्रामाणिकता पुष्टि गर्न प्रयोग हुने प्रणालीमै कमजोरी रहेको संकेत गरेको संस्थाले जनाएको छ । गुगलले यस विषयमा तत्काल प्रतिक्रिया दिएको छैन ।

शनिबार संयुक्त राज्य अमेरिका र इजरायलले जेनेभामा आणविक सम्झौताबारे वार्ता भएको दुई दिनपछि इरानमाथि आक्रमण सुरु गरेका थिए, जसमा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनी मारिएको दाबी गरिएको छ । त्यसयता इरानले मध्यपूर्वमा आफ्नो क्षेप्यास्त्र र ड्रोन आक्रमण विस्तार गरेको छ भने अमेरिका र इजरायलले तेहरानभित्रका प्रमुख संरचना ध्वस्त पारेको बताएका छन् । यही सैन्य भिडन्तसँगै डिजिटल क्षेत्रमा फैलिएको भ्रामक सामग्रीले युद्धको स्वरूपलाई थप जटिल बनाएको छ । *रासस/एएफपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१७६०० | प्रति तोला – ० | प्रति तोला – ५५४० |



**क्यूरियो सामान |** भक्तपुर दरबार स्क्वायरमा स्वदेशी तथा विदेशी पर्यटकलाई लक्षित गरी बिक्रीका लागि राखिएको हस्तकला क्यूरियो सामग्री। *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# तनहुँ जलविद्युत् आयोजनाका ९२ योजना सम्पन्न

■ प्रभाव संवाददाता

**दमौली–** तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामार्फत ९२ वटा योजना सम्पन्न भएका छन्। आयोजनाको प्रभावित क्षेत्रमा सामुदायिक उत्तरदायित्वअन्तर्गत ९२ योजना सम्पन्न भएका हुन् भने आठ वटा सञ्चालनमा आएका छन्। आयोजना प्रमुख श्यामजी भण्डारीले आयोजनाको सामुदायिक विकास कार्यक्रमअन्तर्गत प्रभावित क्षेत्रहरूमा उपभोक्ता समितिमार्फत सामुदायिक विकास तथा जीविकोपार्जन पुनःस्थापन कार्यक्रम सञ्चालन गरिएको बताए। उपभोक्ता समितिमार्फत सञ्चालित योजना वातावरणीय तथा सामाजिक व्यवस्थापन सेवा प्रदायकबाट नियमित रूपमा अनुगमन गरिएको उनको भनाइ छ।

उनका अनुसार ऋषिङ-७ स्थित माछदाङ टुनीबोट ट्रेल पुलसम्मको पहुँच सडक, म्याग्दे गाउँपालिका-३ स्थित किलचोक शाखा सडकको नाला निर्माण, भिमाद नगरपालिका-५ स्थित फेदीखोला मोटरेबल पुल निर्माण, ऋषिङ गाउँपालिका-७ स्थित डाँडीवन चुलेसी पहुँच मार्ग, ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिका जोड्ने सेती नदीमाथि चुलेसी, टुनीबोटे, ब्ल्याङ र टुटुवामा गरिने चारवटा झोलुङ्गे पुलका लागि लठ्ठा आपूर्ति तथा ढुवानी, वानटाङ खोलामा पक्की पुल निर्माण, व्यास नगरपालिका-५ पाटनमा पहुँच सडकसँग जोडिएको स्थानबाट गाउँतर्फ जाने सडक र ऋषिङ गाउँपालिका-१ स्थित खानेपानी मुहान तथा पाइप सुधार सहयोग कार्यक्रम सञ्चालनमा रहेका छन्।

आयोजना निर्माणका लागि समुदायको महत्वपूर्ण भूमिका रहने भएकाले सामाजिक कामलाई प्राथमिकता दिइएको भण्डारीले बताए। उनले भने, 'समुदायसँग सहकार्य गर्दै आयोजनालाई सम्पन्न गराउनेतर्फ हामी लागिपरेका छौँ, विभिन्न सामाजिक काममा आयोजनाको तर्फबाट सहयोग रहँदै आएको छ।' आयोजनाको चरण-१ अन्तर्गत बाँधसहित संरचना (हेडवर्क्स), चरण-२ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरणहरू र चरण-३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख भण्डारीले जानकारी दिए।

# आइटिबीमा पर्यटन सम्भावनालाई पुनःस्थापना गर्ने प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले जर्मनीमा आयोजित विश्वको अग्रणी ट्राभल ट्रेड शो आइटिबी (इन्टरनेसनल टुरिजम् एक्सचेञ्ज), बर्लिनमा सहभागिता जनाएको छ।

यही मार्च ३ तारिखदेखि सुरु भई ५ तारिखसम्म जारी रहने आइटिबी बर्लिनमा नेपालको सहभागिता व्यापारिक उपस्थिति मात्र नभई विश्व पर्यटन बजारमा नेपालको सम्भावनालाई पुनःस्थापित गर्ने रणनीतिक प्रयास भएको पर्यटन बोर्डका वरिष्ठ अधिकृत रोविन रेग्मीले बताए।

हिमालयका रोमाञ्चक ट्रेकिङ पदमार्गदेखि प्राचीन मन्दिरहरूको सम्पदा, शान्त परिवेश, विविध सांस्कृतिक तथा धार्मिक परम्परा, अनुपम प्राकृतिक सौन्दर्यलगायत अनुभवलाई अन्तरराष्ट्रिय बजारमा प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने लक्ष्य बोर्डले अघि सारेको उनले जानकारी दिए। बर्लिनस्थित नेपाली दूतावासका कार्यवाहक प्रमुख सागर फुयाँलले नेपाल प्याभिलियनको उद्घाटन र अवलोकन गरेका थिए। कार्यक्रममा बोर्डका वरिष्ठ अधिकृत रेग्मी, सिर्जना नेपाली र शिवराज पाण्डे उपस्थिति थियो।

बोर्डका वरिष्ठ अधिकृत रेग्मीले भने, 'आइटिबी बर्लिनमा नेपालको सहभागिता अन्तरराष्ट्रिय साझेदारहरूसँग सम्बन्ध विस्तार गर्ने अवसर मात्र होइन, नेपालको पर्यटन सम्भावनालाई विश्वसामु पुनःप्रस्तुत गर्ने प्रतिबद्धता पनि हो। चुनौतीका बाबजुत नेपाललाई 'घुम्नैपर्ने गन्तव्य'का रूपमा स्थापित गर्न हामी लागिरहेका छौँ।'

उनका अनुसार नेपाल अब केवल हिमाल आरोहण वा ट्रेकिङमा सीमित गन्तव्य नभई बहुआयामिक अनुभव प्रदान गर्ने समग्र पर्यटन गन्तव्यका रूपमा उभिएको छ। प्याराग्लाइडिङ, बन्जीजम्प, राफ्टिङ, माउन्टेन बाइकिङलगायत साहसिक खेलकुदसँगै ऐतिहासिक दरबार क्षेत्र, प्राचीन मन्दिर, बौद्ध स्तूप र जीवित सांस्कृतिक सम्पदाको अवलोकन गर्न सकिने अवसर नेपालमा उपलब्ध छन्।

साथै योग ध्यान, आयुर्वेदिक उपचार तथा प्राकृतिक परिवेशमा सञ्चालन हुने 'वेलनेस रिट्रिट'हरूले मानसिक तथा शारीरिक सन्तुलन खोज्ने पर्यटकलाई आकर्षित गरिरहेका रेग्मीले उल्लेख गरे। समुदायमा आधारित होमस्टे, वातावरणमैत्री रिसोर्ट तथा स्थानीय उत्पादनमा आधारित सेवाले नेपालको पर्यटनलाई दिगो र समावेशी बनाउने प्रयासलाई थप सुदृढ बनाएको उनको भनाइ छ।

विश्व बजारमा प्रतिस्पर्धा तीव्र भइरहेका बेला नेपालले आफ्नो मौलिकता, प्राकृतिक सम्पदा र आत्मीय आतिथ्यलाई बलियो ब्रान्डका रूपमा स्थापित गर्न खोजिरहेको वरिष्ठ अधिकृत रेग्मीले बताए। एकै गन्तव्य, अनेक अनुभवको अवधारणामार्फत अन्तरराष्ट्रिय यात्रुलाई साहसिकता, आध्यात्मिक शान्ति र सांस्कृतिक गहिराइको समग्र अनुभव दिने दीर्घकालीन रणनीति बोर्डले अघि बढाएको जनाएको छ। आइटिबी बर्लिनमा २५ वटा नेपाली कम्पनीहरूको सहभागितामार्फत अन्तरराष्ट्रिय ट्राभल एजेन्सी, उद्योग व्यवसायी तथा सञ्चारमाध्यमसँग नयाँ साझेदारी विस्तार गर्ने र नेपालको पर्यटन क्षेत्रका लागि थप अवसर सिर्जना गर्ने बोर्डको अपेक्षा छ। नेपालले विश्वभरका यात्रुलाई आफ्नो अतुलनीय सौन्दर्य, समृद्ध संस्कृति र आत्मीय आतिथ्य अनुभवका लागि नेपाल घुम्न आउन पनि बोर्ड सबैलाई आह्वान गरेको छ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ